राष्ट्रिय 'क' वर्गको पत्रिका

नेपाल सम्वत् ११४५
वैशाख शुक्ल तृतीया

www.missiontodaynews.com

'सूचनामा तपाईंसँगको साझेदारी'

# मिसन टुडे

काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित

राष्ट्रिय दैनिक

**विद्यार्थी भर्ना अभियानमा सबैले योगदान गरौं**

- विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
- अभिभावकविहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामुदायिक सिकाइ केन्द्रहरूले विद्यालयबाहिर रहेका बालबालिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरूले विद्यालय उमेर समूहका, सीमान्तकृत समूहका अपाङ्गता भएका बालबालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।

*सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष : १५, अंक ३०२ पृष्ठ ८ | बुधबार १७ वैशाख २०८२ | (WEDNESDAY 30 APRIL 2025) | मूल्य रु. १० | E-mail: missiontodaydaily@gmail.com | विज्ञापन र समाचारका लागि: ९८४८२६२०२६

# गोठालाबाट खुल्यो बालक हत्याको रहस्य

**कोहलपुर माध्यमिक विद्यालय कोहलपुरमा कक्षा ३ मा अध्ययन गरिरहेका ९ वर्षीय कुशल बुढा वैशाख ८ गतेदेखि हराइरहेका थिए । ९ गते उनकी आमा यशोदा बुढाले छोरा हराएको भन्दै इलाका प्रहरी कार्यालय कोहलपुरमा निवेदन दिएकी थिइन् । उनको शव सोमबार दिउँसो बैजनाथ-४ स्थित नौलापुरमा गाडिएको अवस्थामा भेटिएको थियो । प्रहरीले आमा र सौतेनी बुवालाई पक्राउ गरेर अनुसन्धान अगाडि बढाएको छ ।**

**शुभाकर विश्वकर्मा**
*कोहलपुर (बाँके), १६ वैशाख*

१५ वैशाखको मध्य दिउँसो बैजनाथ गाउँपालिका-४ नौलापुरका विक्रम थारू (५५) सधैँ झैँ बाख्रा चराउन निस्किए । थारू घरदेखि झण्डै चारसय मिटर परको खुला खेतमा पुगे, खेतसँगै रहेको कुलो नजिकै बाख्रा चरिरहेका थिए ।

थारू भने गर्मी छल्न शितल भएको ठाउँतिर ओत लागे । थारू त्यहाँ बस्न मात्रै के खोजेका थिए, त्यो ठाउँ त गन्हाउन थाल्यो । एक्कासि उनको नजर पुग्यो, अघिल्तिर रहेको वस्तुतर्फ । अघि बढ्दा त्यो वस्तु त मानिसको खुट्टो पो रहेछ । अलि पर पुग्दा शव देखियो ।

बैजनाथ गाउँपालिका-४ का वडा सदस्य रामचन्द्र थारू विक्रमको भनाइ उद्धृत गर्दै भन्छन्, 'पहिला त म धेरै आत्तिएँ । डराउँदै गएर गाउँलेहरूलाई भनेँ । पछि जनप्रतिनिधि र प्रहरीलाई खबर गरियो ।' घटना थाहा भएपछि मानिसहरू एकपछि अर्को गर्दै आउन र जम्मा हुन थाले । आफूपनि वडामा काम गरिरहेको बेला त्यस्तो कुरा सुनेपछि नौलापुरस्थित उक्त स्थानमा पुगेको उनले मिसन टुडेलाई बताए ।

लगत्तै इलाका प्रहरी कार्यालय कोहलपुरको टोली घटनास्थल पुग्यो । खोज्दै जाँदा कुलो नजिकै प्लाष्टिकले बेरिएको अवस्थामा शव भेटियो । शव पूर्णरूपमा गलेको थियो । हात-खुट्टाका पञ्जा छुट्टिएका थिए । शरीरको अंग बिग्रिएका थिए । कुकुरले शरीरका केही भाग लुछेर बाहिर ल्याएको देखियो । शव कुलो नजिकै गाडिएको अवस्थामा भेटिएको थियो ।

शव भेटिएको ठाउँ नजिकै वस्ती छैन । खेतीयोग्य खेत रहेका छन् । सिँचाइका लागि निर्माण गरिएको





कुलो छ । कुलो ३ फिट गहिरो छ । घटनास्थल नजिकै साइकल भेटिएको छ । सर्टसमेत परालले छोपेको अवस्थामा भेटिएको छ । इलाका प्रहरी कार्यालय कोहलपुरका प्रहरी निरीक्षक रेशम पौडेलका अनुसार उक्त शव जानकी घर भई कोहलपुर- ११ मा बस्दै आएका ८ वर्षीय कुशल बुढाको हो ।

प्रारम्भिक अनुसन्धानबाट बालकको हत्या भएको देखिएपछि सोही अनुसार अनुसन्धान अगाडि बढाइएको इलाका प्रहरी कार्यालय कोहलपुरले जनाएको छ ।

**अनुसन्धानको घेरामा आमा र सौतेनी बुवा**

घटनास्थलमा खटिएको प्रहरीले अनुसन्धान टोलीले प्रारम्भिक अनुसन्धानमा नै हत्या गरेर बालकको शव गाडिएको हुनसक्ने बताएको छ । प्रहरीले घटनास्थल र शवको प्रकृति हेर्दा बालकको हत्या भएको निष्कर्ष निकालेको हो । बालकको शव प्लाष्टिकले बेरेर गाडिएकोले पुरै गल्नुका साथै शरीर अंगभंग भएको प्रहरी निरीक्षक पौडेलले मिसन टुडेलाई जानकारी दिए ।

इलाका प्रहरी कार्यालय कोहलपुरका अनुसार उनी वैशाख ८ गते देखि हराइरहेका थिए । भेटिएको शवको प्रकृति हेर्दा एकसाता अघि नै हत्या भएको हुन सक्ने प्रहरीले अनुमान गरेको छ । 'शव गाडिएको अवस्थामा भेटिएको स्थल वरपर मानिसहरूको वस्ती छैन । मानिसहरूले भोगचलन गरिरहेका खेत छन् । सँगै सिँचाइको लागि प्रयोग भइरहेको कुलो छ । त्यही नजिकै सानो खाल्डो खनेर शव गाडेको थियो । बालकको हत्या भएको आंशका छ ।', प्रहरी निरीक्षक पौडेलले भने ।

कुशल कोहलपुर-११ रहेको कोहलपुर माध्यमिक विद्यालयमा कक्षा ३ मा अध्ययन गरिरहेका थिए । मृत भेटिएका बालक कोहलपुर-११ कै पानी ट्याङ्की नजिकै भाडाको घरमा आमाबुवासँगै बस्दै आएका थिए । वैशाख ९ गते कुशलकी आमा यशोदा बुढाले इलाका प्रहरी कार्यालय कोहलपुरमा छोरा हराएको भन्दै निवेदन दिएकी थिइन् । प्रहरीका अनुसार घटनाको अनुसन्धानका लागि आमा बुढा र सौतेनी बुवा निरकनाथ योगीलाई नियन्त्रणमा लिएको छ । प्रारम्भिक अनुसन्धानबाट आमा र छोराको ठेगाना जानकी रहेको खुलेको छ ।

पछिल्लो समय भने कोहलपुरमै बस्दै आएका थिए । मृतक बुढा, आमा यशोदा र सौतेनी बुवा योगी कोहलपुरमा भाडाको घरमा बस्दै आएको कोहलपुर प्रहरीले जानकारी दिएको छ । यशोदाको माइती घर कैलाली हो । मृतक कुशलका बुवाको ७ वर्षअघि मृत्यु भएको थियो । बुवाको मृत्यु हुँदा कुशल डेढ वर्षको मात्रै थिए । श्रीमान बितेको तीन वर्षपछि यशोदाले दैलेख घर भई हाल कोहलपुरमा बस्दै आएका योगीसँग दोस्रो विवाह गरेकी थिइन् । उनीहरूबाट बच्चा जन्मेको छैन् । कुशल पनि उनीहरूसँगै बस्दै आएका थिए ।

प्रहरी निरीक्षक पौडेलका अनुसार यशोदा चिसापानीस्थित एक संस्था/कम्पनीमा सेक्युरिटी गार्डको रूपमा काम गर्छिन् । यशोदा आबद्ध सेक्युरिटी गार्डसम्बन्धी काम गर्ने कम्पनीका अनुसार उनी वैशाख ९ गतेदेखि रात्री सिफ्टमा ड्युटी गरिरहेको देखिएको प्रहरीले जनाएको छ । कम्पनीका प्रतिनिधिको भनाइ उद्धृत गर्दै कोहलपुर प्रहरी स्रोतले भन्यो, 'उनले छोरा हराइरहेको बारेमा कुनैपनि कुरा सहकर्मीहरूसँग भनेकी थिइनन् । उनमा त्यस्तो ठूलो बज्रपात परेको वा दुःखमा रहेको कुनैपनि कुरा देखिन्थेन । उनी नियमित ड्युटी गरिरहेकी थिइन् ।'

यशोदा त्यहाँ विगत ६-७ वर्षदेखि कार्यरत रहेको खुलेको छ । योगीले भने मजदुरी गर्ने गरेको देखिएको छ । प्रहरी निरीक्षक पौडेलले योगी डिभोर्सी पुरुष रहेकोसमेत जानकारी दिए । उनी पहिलाको श्रीमतीसँग सम्बन्ध विच्छेद गरेर यशोदासँग विवाह गरेर सँगै बस्दै आएका थिए । 'विद्यालयसँग बुझ्दा उनी सरल र राम्रो विद्यार्थी थिए । उमेरले पनि सानै भएका कारण कसैसँग त्यस्तो रिसिइबी भएको जस्तो देखिदैन । आमाबुबा पनि सामान्य नै भएकाले अरूले नै छोराको हत्या गर्न सक्ने अवस्था देखिँदैन् । आमाबुवाको व्यवहार शंकास्पद देखिन्छ । हाम्रो शंकाको सुई उहाँहरूमाथि सोझिएको छ । दुवै जनालाई सोधपुछका लागि ल्याइएको छ । अनुसन्धानमै छौँ । अहिले नै धेरै कुरा भन्न सकिँदैन । अनुसन्धानको क्रममा थप तथ्य खुल्ला ।' मिसन टुडेसँग कुराकानी गर्दै प्रहरी निरीक्षक पौडेलले भने । उनीहरूविरुद्ध म्याद थप गरेर अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कोहलपुरले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाँकेका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डीएसपी) दीपक पालतीका अनुसार बैजनाथ-४ नौलापुरमा ९ वर्षीय बालकको शव फेला परेको थियो । प्रहरीले आवश्यक प्रक्रिया पूरा गरी घटनास्थल मुचुल्का उठाएर शव उठाएको उनले बताए । मृतक कुशल बुढाको शव अहिले नेपालगन्जस्थित भेरी अस्पतालमा रहेको छ । शव पोष्टमार्टमको तयारी गरिरहेको डीएसपी पालतीको भनाइ छ । 'घटना गम्भीर छ । शव अस्पतालमा ल्याइएको छ । पोस्टमार्टम हुन बाँकी छ । हामीले बुझ्दा विज्ञ डाक्टर नभएको भन्ने छ । छिट्टै पोस्टमार्टम हुन्छ । त्यसपछि धेरै कुरा खुल्ला,' उनले मिसन टुडेसँग भने ।

## सुदूरपश्चिमका मुख्यमन्त्री भारत भ्रमणमा



**मिसन संवाददाता**
*धनगढी, १६ वैशाख*


सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री भारत भ्रमणमा गएका छन् । भारत सरकारको औपचारिक निमन्त्रणामा दश सदस्यीय टोलीको नेतृत्व गर्दै मुख्यमन्त्री शाह भारत भ्रमणमा निस्किएका हुन् ।

उनी साताव्यापी वैदेशिक भ्रमणमा निस्किएका हुन् । भ्रमणको क्रममा टोलीले उत्तरप्रदेश र उत्तराखण्डका विभिन्न स्थानको पनि भ्रमण गर्ने कार्यक्रम छ । भारतमा रहँदा भारतीय कृषि अनुसन्धान संस्थाको अवलोकन भ्रमण, अयोध्याको धार्मिक पर्यटकीय क्षेत्रको भ्रमण, देहरादुनका कृषि क्षेत्रसहित पर्यटकीय क्षेत्रको भ्रमण,उत्तरखण्डका मुख्यमन्त्री र कृषि मन्त्रीसँग समेत भेटघाटको कार्यसूची रहेको प्रदेश सरकारले जनाएको छ ।

भारत भ्रमणका क्रममा उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामी र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ तथा

*बाँकी दोस्रो पृष्ठमा...*

## आज पार्टी एकता घोषणा गर्दै नाउपा–जनमत



**मिसन संवाददाता**
*काठमाडौं, १६ वैशाख*

तराई र मधेशकेन्द्रित दुई दल नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीबीच आज पार्टी एकता घोषणा हुँदैछ । बुधबार काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा भव्य समारोहका बीच नाउपा-जनमत पार्टीबीच पार्टी एकता हुन लागेको हो ।

केही महिनादेखि पार्टी एकीकरण प्रक्रिया थालेका दुवै पार्टीका एकताका सम्पूर्ण प्रक्रिया टुंग्याएका हुन् । दुवै दलले एकतापछिको नाम, नेतृत्व, सचिवालय, केन्द्रीय समिति र राजनीतिक विचारधारामा समेत समझदारी जुटाइसकेका छन् ।

एकतापछि पार्टीको नाम 'नागरिक जनमत पार्टी' रहनेछ । चुनाव चिन्ह ढकिया रहनेछ । यो नागरिक उन्मुक्ति पार्टीको चुनाव चिन्ह थियो । सो पार्टीको पहिलो वरियतामा रेशमलाल चौधरी रहनेछन् ।

उनी पार्टीको संरक्षकको भूमिकामा हुनेछन् । उनको पद आलंकारिक हुनेछ । पार्टीको दोस्रो वरियताको नेताका रूपमा कार्यकारी अध्यक्षको रूपमा जनमत पार्टीका राष्ट्रिय अध्यक्ष सिके राउत र नागरिक उन्मुक्ति पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठ एकतापछिको पार्टीमा तेस्रो वरियताको नेताका रूपमा सह-अध्यक्षको भूमिकामा रहनेछिन् ।

जनमत पार्टीका प्रवक्ता शरदसिंह यादवका अनुसार दुवै पार्टीबीच एकताका लागि सम्पूर्ण प्रक्रिया टुंगिएको छ । सात सय केन्द्रीय समिति बनाउने दुवै पार्टीबीच औपचारिक सहमति भएको छ । तर, तत्काल पार्टीका पचास-पचास प्रतिशत नेता समेट्नेगरी ३५० सदस्यीय केन्द्रीय समिति बनाइनेछ । यस्तै २५ सदस्यीय सचिवालय र ५१ सदस्यीय कार्यसम्पादन वा कार्यकारिणी समिति बनाउने सहमति दुवै पार्टीले गरेका छन् ।

एकतापछि बन्ने नाजपाले आफ्नो राजनीतिक कार्यदिशा सामुदायिक समाजवाद किटान गरेको छ । पार्टीको एकता महाधिवेशन विसं २०८५ मा गर्ने सहमति गरिएको छ । संघीय संसदमा राष्ट्रिय दल रहेको जनमतका ६ सांसद छन्

*बाँकी दोस्रो पृष्ठमा...*



# देशभर रेबिजविरुद्धको खोपको अभाव

**वीरेन्द्र जैसी**
*नेपालगन्ज, १६ वैशाख*



नेपालगन्ज निवासी चन्द्र वलीका ८ वर्षीय छोरालाई छिमेकीको कुकुरले टोकेपछि तत्काल भेरी अस्पतालमा लगियो, रेबिज विरुद्धको खोपका लागि। तर, अस्पतालमा पुगेपछि भनियो, 'हामीकहाँ भ्याक्सिन छैन।' वलीका अनुसार त्यसपछि उनले खरिद गरेर भ्याक्सिन लगाउनुपर्‍यो।

कैलालीको टीकापुरस्थित टीकापुर अस्पतालका सूचना अधिकारी पदमराज भट्टका अनुसार उनलाई छिमेकी जिल्ला बर्दियाबाट पनि फोन आउँछ, 'सर रेबिजको भ्याक्सिन छ कि छैन। छैन भने हामी बेकारमा दुःख पाउँछौं,' भनेर। उक्त अस्पतालमा पनि प्रायः रेबिज विरुद्धको भ्याक्सिनको अभाव भइरहन्छ।

रेबिज लागेका वा रेबिज रोग सार्न सक्ने जनावरको टोकाइपछि रेबिज सर्न नदिन अनिवार्यरूपमा लगाउनुपर्ने यो खोप अस्पतालहरूमा पटक-पटक अभाव भइरहन्छ। पछिल्लो एक महिनायता देशभरका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा रेबिजको भ्याक्सिनको अभाव छ।

भेरी अस्पतालका रेबिज वार्डमा कार्यरत स्वास्थ्यकर्मीका अनुसार महिनामा कम्तिमा ८ सय डोज रेबिजको खोप आवश्यक पर्छ। अस्पतालले हरेक पटक एक हजार डोजको माग गरी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा पठाएपनि प्राप्त भने दुईदेखि तीन सय डोज मात्रै हुने गरेको ती स्वास्थ्यकर्मीले बताए।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.निराजन सुवेदीका अनुसार एक दिनमा ७० जनासम्म कुकुरले टोकेका बिरामीहरू अस्पतालमा आएका छन्। तर पछिल्लोपटक करिब दुई हप्ताअघि दुई सय भाइल भ्याक्सिन अस्पतालले पाएको थियो। उक्त भ्याक्सिन सकिएपछि वैशाख ८ गते अस्पतालले भ्याक्सिनको मौज्दात शून्य रहेको भन्दै आपूर्ति नभएसम्म सेवा दिन नसकिने भनेर सूचना जारी गरेको थियो। त्यसभन्दा अघि चैत्र २२ गते पनि अस्पतालले यस्तै व्यहोराको सूचना जारी गरेको थियो।

टीकापुर अस्पतालका सूचना अधिकारी भट्टका अनुसार पछिल्लोपटक अस्पतालले ३० भाइल मात्रै भ्याक्सिन पाएको थियो, जो एक दिनमै सकियो। उनका अनुसार अस्पतालमा दैनिक औसतमा ६० देखि ७० जना कुकुरले टोकेका बिरामीहरू भ्याक्सिन लगाइमाग्न आइरहेका छन्। उक्त अस्पतालमा कैलालीका मात्रै नभएर बर्दिया र सुर्खेतको पश्चिम क्षेत्रका नागरिकहरू सेवा लिन आउने गरेका छन्।

अस्पतालमा भ्याक्सिन तत्काल आइपुग्ने सम्भावना पनि छैन। किनकी अहिले भ्याक्सिन उपलब्ध गराउने इपिडिमयोलोजी तथा रोग नियन्त्रण महाशाखासँगै भ्याक्सिन छैन। महाशाखालाई भ्याक्सिन खरिद गरी उपलब्ध गराउने जिम्मा स्वास्थ्य सेवा विभाग अन्तर्गतको व्यवस्थापन विभाग हो। देशभर भ्याक्सिनको अभाव भइसक्दा पनि स्वास्थ्य उक्त विभाग भने बल्ल खरिद प्रक्रिया अन्तिम चरणमा रहेको बताउँछ।

व्यवस्थापन महाशाखा निर्देशक डा.पवनजग रायमाझीका अनुसार अहिले भ्याक्सिन खरिदका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरी आपूर्तिकर्ता छनौट गरिसकेको छ। अहिले छनौट भएको आपूर्तिकर्तामाथि दाबीविरोधका लागि आगामी सोमबार सम्मको समय दिइएको छ। उक्त प्रक्रिया पूरा भएसँगै भ्याक्सिन आपूर्ति हुने रायमाझीले बताए। उनले खरिद गर्न ढिलाइ नभएको बताउँदै खरिद प्रक्रिया नै लामो भएकोले समय लागेको बताए।

निर्देशक डा. रायमाझीका अनुसार रेबिजको भ्याक्सिन खरिदका लागि सरकारले दिने बजेट पनि भ्याक्सिनको मागअनुसार पर्याप्त छैन। उनी भन्छन्, 'रेबिजको भ्याक्सिनको माग निरन्तर बढ्दो छ। जति खरिद गरेपनि कमी हुने भइरहेको छ। यसमा बजेट पनि पर्याप्त छैन।' रायमाझीले खरिद प्रक्रिया पूरा भएको केही दिनभित्रै भ्याक्सिन ल्याइपुर्‍याउने आपूर्तिकर्ताले बचन दिएको दाबी गरेका छन्।

रेबिजको भ्याक्सिन सरकारले निःशुल्क उपलब्ध गराउँदै आएको छ। तर, समयमै खरिद नगरिँदा र सही व्यवस्थापन नहुँदा यो भ्याक्सिनको अभाव भने पटक-पटक भइरहन्छ।

भेरी अस्पतालमा मेसु डा. सुवेदीका अनुसार अस्पतालहरूले हरेक पटक भ्याक्सिनको माग गरेर प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा पठाउनुपर्छ। हरेक वर्षमा अस्पताललाई चाहिने भ्याक्सिनको माग गरेर पठाइएपनि हरेक पटक माग गर्नुपर्ने झण्झटिलो अवस्था रहेको सुवेदीले बताए।

अस्पतालहरूमा निःशुल्क पाइने भ्याक्सिनको अभाव भएपछि बिरामीहरूले निजी मेडिकलबाट खरिद गरिरहेका छन्। खरिद गर्दा एक भाइलको ६ सयभन्दा बढी मूल्य पर्ने गरेको छ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार विश्वमा वर्षेनी ५९ हजार मानिसको रेबिजका कारण मृत्यु हुने गरेको छ। जसमध्ये ४० प्रतिशत १५ वर्षमुनिका बालबालिका रहेका छन्।

सामान्यतया तातो रगत भएको र स्तनधारी जनावरको टोकाइबाट रेबिज लाग्न सक्ने भएपनि जनावरको टोकाइबाट मृत्यु हुनेको तथ्यांक केलाउँदा सबैभन्दा बढी कुकुरको टोकाइबाट रेबिज संक्रमण भएको पाइएको छ।

रेबिज भइसकेपछि अरू कुनैपनि उपचार सम्भव नहुने भएकोले जतिसक्दो चाडो रेबिज विरुद्धको खोप लगाउनुपर्ने हुन्छ। एकपटक खोप अवधि सक्काएको तीन महिनासम्म यसको प्रभाव रहन्छ।

नेपाल सरकारले सन् २०१९ मा परिमार्जन गरेको रेबिज खोपबारे निर्देशिका अनुसार मासुमुनि लगाउने खोप पहिलो दिन त्यसपछिको तीन, सात र चौध दिनमा दिइन्छ। अर्को छालामुनि दुईपट्टी गरी लगाउने खोप पहिलो खोप लगाएको तीन दिन र सात दिनको दिन लगाइन्छ।

# सोती हत्याकाण्डका २४ अभियुक्तलाई जातीय विभेद मुद्दामा सफाइ




**मिसन संवाददाता**
*सुर्खेत, १६ वैशाख*

रुकुमपश्चिमको सोतीमा अन्तर्जातीय प्रेमको विषयमा मारिएका २१ वर्षीय नवराज विकसहित ६ जनाको हत्या भएको घटनाका २४ आरोपीलाई जातीय विभेद र छुवाछुतको कसुरमा उच्च अदालत सुर्खेतले सफाइ दिएको छ।

ज्यान सम्बन्धी कसुरमा भने जिल्ला अदालत रुकुमपश्चिम अदालतको आदेशलाई सदर गरेको उच्च अदालत सुर्खेतका प्रवक्ता उपरजिष्ट्रार प्रेमप्रकाश थापाले जानकारी दिए। '२४ जनालाई जन्मकैद शुरू सदर। जातीय छुवाछुतबाट सबै प्रतिवादलाई सफाइ र केही उल्टी फैसला भएको छ,' उनले भने, 'पूर्णपाठ आउन केही समय लाग्छ।'

न्यायाधीशद्वय सोमकान्त मैनाली र मातृकाप्रसाद भण्डारीको संयुक्त इजलासले फैसला सुनाएको हो। ०८० मंसिर १९ गते जिल्ला अदालत रुकुमपश्चिमका तत्कालीन जिल्ला न्यायाधीश खड्क बहादुर केसीको इजलासले तत्कालीन वडाअध्यक्ष डम्बरबहादुर मल्लसहित २४ जनालाई जन्मकैदको सजाय सुनाएको थियो। त्यस्तै नवराजकी प्रेमीका, उनकी आमा र दाइलाई जातीय छुवाछुतमा दोषी ठहर गर्दै दुई वर्ष कैद सजाय सुनाएको थियो।

जिल्लाको फैसलाविरुद्ध रुकुमपश्चिम थुनामा रहेका मल्लसहितले २४ थान पुनरावेदन दायर गरेकोमा नवराज विकका बुवा मुनलाल नेपालीले दुई थान पुनरावेदन निवेदन दायर गरेका थिए। ०८२ वैशाख ९ गते उच्च अदालत सुर्खेतमा दायर २६ थान पुनरावेदन निवेदनमाथि न्यायाधीशद्वय सोमकान्त मैनाली र मातृकाप्रसाद भण्डारीको इजलासमा सुनुवाइ भएको उक्त मुद्दा हेर्दाहेर्दैमा राखिएको थियो। जातीय विभेदजस्तो जघन्य अपराधमा उच्चले उन्मुक्ति दिएको भन्दै मृतकका आफन्त र दलित अधिकारकर्मीहरूले उच्च अदालत गेट अगाडि नाराबाजी गरिरहेका छन्। नवराजसँगै गएका २० वर्षीय टीकाराम नेपाली, १९ वर्षीय गणेश बुढा, १८ वर्षीय लोकेन्द्र सुनार, २० वर्षीय सञ्जु विक र १७ वर्षीय गोविन्द शाही पनि सोती घटनामा मारिएका थिए। उनीहरू सबैको शव भेरी नदीमा भेटिएको थियो।

## भागेकी थुनुवा महिला पक्राउ गर्ने प्रहरी पुरस्कृत

**धनगढी।** कैलालीमा सरकारी वकिलको कार्यालयबाट फरार भएकी महिलालाई भारतबाट पक्राउ गरेको भन्दै चार जना प्रहरीलाई पुरस्कृत गरिएको छ।

जिल्ला प्रहरी कार्यालयले अपराध अनुसन्धान समूहका प्रहरी नायब निरीक्षक(सई) गजेन्द्रबहादुर चन्दसहित चार जना प्रहरीलाई रेकर्डमा जनिनेगरी नगदसहित पुरस्कृत गरेको जनाएको छ।

पुरस्कृत हुनेमा जिल्ला प्रहरी कार्यालयमै कार्यरत प्रहरी सहायक हवल्दार रवीन्द्र शाही र सन्तोश महरा तथा प्रहरी जवान महेश ओझा रहेका छन्।

उनीहरूलाई कैलालीका प्रमुख प्रहरी उपरीक्षक(एसपी) पदमबहादुर विष्टले पुरस्कृत गरेका हुन्। मानव बेचबिखन मुद्दामा इलाका प्रहरी कार्यालय टीकापुरले पक्राउ गरेकी ५० वर्षीया मिना शाही दमाई म्याद थपका लागि ल्याएका बेला आइतबार दिउँसो धनगढीस्थित जिल्ला सरकारी वकिलको कार्यालयबाट हतकडीसहित भागेकी थिइन्।

**आफ्नो घर आँगन सफा राखौं। सभ्य नागरिकको परिचय दिऔं।**

# धार्मिक तथा पर्यटकीय क्षेत्रको अध्ययन अवलोकन

**मिसन संवाददाता**
*बुटवल, १६ वैशाख*

पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एसोसिएसनमा आबद्ध पेट्रोलियम व्यवसायीको टोलीले धार्मिक र पर्यटन क्षेत्रको अध्ययन अवलोकन गरेको छ। पर्यटन क्षेत्रको विकासमा टेवा पुराउने र आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले लुम्बिनी र गण्डकी प्रदेशका पहाडी तथा हिमाली जिल्लाका पर्यटकीय तथा धार्मिक स्थलहरूको अध्ययन अवलोकन भ्रमण गरिएको हो।

पछिल्लो समय शिथिल बन्दै गएको नेपालको व्यापार व्यवसाय र पर्यटन क्षेत्रको प्रवर्द्धनमा थोरै भएपनि टेवा पुगोस् भन्ने उद्देश्यले लुम्बिनी र गण्डकी प्रदेशमा रहेका ऐतिहासिक, धार्मिक तथा प्रमुख पर्यटकीय क्षेत्रको अध्ययन अवलोकन भ्रमण गरिएको पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एसोसियसन रूपन्देहीका अध्यक्ष हिमाल गैरेले बताए।

अध्यक्ष गैरेका अनुसार नेपालको आर्थिक विकास र समृद्धिको आधार पर्यटन क्षेत्रको विकास भएकाले एसोसियसनले वार्षिक कार्यक्रम अनुसार नै प्रत्येक वर्ष आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने र सम्बन्धित जिल्लाको प्रचारप्रसारमा सहयोग पुराउने उद्देश्यले चारदिने अध्ययन अवलोकन भ्रमण गरिएको हो।

एसोसिएसनको अगुवाइमा नेपालको आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्ने उद्देश्यले विगतका वर्षहरूमा मुगुको रारा ताल, दोलखाको कालिन्चोक भगवती, जनकपुरको राम जानकी मन्दिर सँगै सुदूरपश्चिमका डोटी, डडेल्धुरा, अछाम, कैलाली, सुर्खेत, बाँके, बर्दिया लगायतका जिल्लाका धार्मिक क्षेत्रको अध्ययन अवलोकन भ्रमण गरिएको थियो।



एसोसियसनको टोली स्याङजाको मिर्मीबाट कालीगण्डकी करिडोर हुँदै करिडोरमा पर्ने गुल्मी, पाल्पा, स्याङ्जा, बागलुङ, म्याग्दी, मुस्ताङ जिल्लाका ऐतिहासिक तथा धार्मिक पर्यटकीय गन्तब्यहरूको अध्ययन अवलोकन गर्दै नेपाल चीनको उत्तरी सीमा कोरोला नाकासम्म पुगेर फर्किएको एसोसियसनका सहकोषाध्यक्ष तथा भ्रमण दलका संयोजक लोकप्रसाद भुसालले बताए।

संयोजक भुसालका अनुसार भ्रमणका क्रममा पवित्र धार्मिकस्थल मुक्तिनाथ मन्दिर, मुस्ताङ जिल्लाको लोमन्थानस्थित मुस्ताङी राजाको दरबार, जोमसोम बजारबाट करिब साढे ५ किलोमिटर पश्चिम २८३० मिटरको उचाइमा अवस्थित धार्मिक आस्था र प्राकृतिक सुन्दरताको प्रतिक धुम्बाताल, म्याग्दीको बेनी नगरपालिका ९ मा नौ क्षेत्रफमा फैलिएको एउटै चक्रशिलामाथि अवस्थित धार्मिक, ऐतिहासिक र पौराणिक दृष्टिले अति महत्वपूर्ण गलेशवरधाम, बागलुङको कालिका भगवती मन्दिर, कालीगण्डकी जलविद्युत् आयोजना, रानीमहल दरबार लगायतका ठाउँको भ्रमण गरिएको छ।

एउटा जिल्लाबाट अर्को जिल्लामा जाँदा त्यस क्षेत्रको व्यापार व्यवसाय वृद्धि हुनुका साथै आर्थिक गतिविधिसमेत चलायमान हुने र आन्तरिक पर्यटनको प्रवर्द्धनमा पुग्ने एसोसियसनका निवर्तमान अध्यक्ष एवम् पश्चिमाञ्चल संयोजक प्रेम न्यौपानेले बताए।

यस्ता भेटघाट र भ्रमणले एक आपसमा सहकार्य, एकले अर्कोलाई चिन्ने अवसर प्राप्त हुनुका साथै भ्रमणबाट अन्य स्थानको कला, संस्कृति, भाषा र भौगोलिक अवस्थाबारे प्रत्यक्ष बुझ्न सकिने संयोजक न्यौपानेको बुझाइ छ।

सीमित क्षेत्रमा पेशा व्यवसाय सञ्चालन गरेर बसेका व्यवसायीहरूले देश, भूगोल, संस्कृति र विविधता पनि चिन्न र जान्न जरुरी रहेको र पहिला आफ्नै देशका पर्यटकीय स्थलहरू भ्रमण गरुन् र चिनुन् भन्ने उद्देश्यले भ्रमण कार्यक्रम गरिएको एसोसियसनका सचिव डाँसिराम अधिकारीले बताए।

एसोसियसनका अध्यक्ष हिमाल गैरेको नेतृत्वमा गएको टोलीमा रूपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची र स्याङ्जा जिल्लाका व्यवसायीहरूको सहभागिता रहेको थियो। भ्रमणकै क्रममा मुस्ताङको लेते मार्फा जस्ता ठाउँमा सो क्षेत्रका पेट्रोलियम व्यवसायीहरूका समस्या, सम्भावना र व्यवसायिक अनुभवका विषयमा छलफल, अन्तरक्रिया, गोष्ठी लगायतका कार्यक्रम गरिएको एसोसियसनका केन्द्रीय सदस्य राजु न्यौपानेले जानकारी गराए।

अध्ययन अवलोकनका लागि वैशाख ११ गते बुटवलबाट गएको २५ सदस्यीय टोली १४ गते बुटवल फर्किएको हो। धार्मिक तथा पर्यटकीयस्थलको अध्ययन र अवलोक गर्ने भ्रमण व्यवसायिक रूपमा पनि फलदायी भएको एसोसियसनका वरिष्ठ उपाध्यक्ष योगेन्द्र गुप्ताले बताए।

## पहिलो पृष्ठको बाँकी

### सुदूरपश्चिमका...

केही मन्त्रीसँग भेट्ने कार्यक्रम तय भएको मुख्यमन्त्रीको सचिवालयले जानकारी दिएको छ।

उक्त टोली मंगलबार काठमाडौं हुँदै भारतको दिल्ली निस्किएको हो। मुख्य शाह भारत भ्रमणमा गएपछि आर्थिक मामिलामन्त्री बहादुरसिंह थापालाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिइएको छ।

भ्रमण टोलीमा प्रदेश सरकारको भूमि, व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापा, नागरिक उन्मुक्ति पार्टीका संसदीय दलको नेता घनश्याम चौधरी, नेकपा एकीकृत समाजवादीका प्रमुख सचेतक नरेशकुमार शाही, माओवादी केन्द्रका प्रदेश सभा सदस्य झपट साउद लगायतका १० जना सहभागी छन्।

### आज...

भने नाउपाका ४ सांसद छन्। एकतापछि सो पार्टीका १० सांसद हुनेछन्। तराईमा बलियो पार्टी यही बन्नेछ।

मधेस, लुम्बिनी र सुदूरपश्चिमसम्म यो पार्टी विस्तार हुनेछ। सुदूरपश्चिम प्रदेशमा नाउपाका ७ सांसद छन्।

मधेसमा जनमतका १३ र नाउपाका १ सांसद छन्। एकतापछि १०७ सदस्यीय मधेस प्रदेश सभामा नाजपा १४ सांसदसहित चौथो दल बन्नेछ। यस्तै, लुम्बिनीमा नाउपाका ४ र जनमतका ३ सांसद छन्। ८७ सदस्यीय लुम्बिनी प्रदेश सभामा एकतापछि यो दल चौथो स्थानमा पुग्नेछ।

दुई पार्टीले एकताको मोडालिटी टुंगो लगाउन कार्यदल गठन गरेका थिए। कार्यदलमा जनमतबाट अब्दुल खान, डा.शरदसिंह यादव र बालगोविन्द चौधरी तथा नाउपाबाट गंगाराम चौधरी, सुनिता चौधरी र रामलाल डगौरा थारू थिए।


## निक्षेप हकदाबी सम्बन्धी १५ दिने सार्वजनिक सूचना !

**सूचना प्रकाशित मिति : २०८२/०१/१७**

लुम्बिनी प्रदेश, बाँके जिल्ला, नेपालगंज उ.म.न.पा वडा नं.२, घरबारीटोल बस्ने श्री राजमान श्रेष्ठको नाति शम्भु प्रसाद श्रेष्ठको छोरा प्रितम श्रेष्ठको मिति २०८१।११।२२ गतेका दिन मृत्यु भएकोले निज प्रितम श्रेष्ठको यस बैंकको नेपालगंज शाखामा रहेको बचत खाता नं. ००१००३००१०५२९१००००१ को सम्पूर्ण रकममा निज मृतकको श्रीमती कुमारी लिली डंगोलले आवश्यक कागजात सहित यस बैंकमा हकदावी निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर उल्लेखित निवेदक बाहेक अन्य कसैले हकदावी भए यो सूचना प्रकाशित भएको मिति ले १५ (पन्ध्र) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र कसैको हकदावी नपरेमा वा रित नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने ब्यहोरा यसै सूचना मार्फत जानकारी गराउँदछौं।

**कर्णाली डेभलपमेन्ट बैंक लिमिटेड**
Karnali Development Bank Ltd.
(नेपाल राष्ट्र बैंकद्वारा गठित व्यवस्थापन समूहबाट नियन्त्रित र संचालित)
**शाखा कार्यालय, नेपालगंज, बाँके**
फोन नं. ०८१ ४१५०४०/४१५०७४

**बाणगङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाणगङ्गा, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

**शिलबन्दी बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

**सूचना प्रकाशित मिति: २०८२/१/१७ गते**

बाणगंगा नगरपालिकाबाट सूचना प्रकाशित गरिए बमोजिम पर्न आएका दरभाउपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त दरभाउपत्र सँग सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| सि.न. | ठेक्का नं | कामको विवरण | छनोट भएको बोलपत्रदाता/दरभाउपत्र | कबोल अंक रकम मु.अ.कर सहित रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | 93/NCB/BMO/KAPIL/WORKS/81-82 | Upgradation Works of Kapildham Pokhari | एम.डि निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि | २१,३६,४६१।७५ | |
| २ | 103/NCB/BMO/KAPIL/WORKS/81-82 | NawaPrabhat Samudayik Kulo Nirman ,Ward -8 | रुद्रेश ड्रिलिङ्ग सप्लायर्स एण्ड कन्ट्रक्सन प्रा.लि | ६३,४१,०४९।२३ | |
| ३ | 104/NCB/BMO/KAPIL/WORKS/81-82 | Upgradation of Ward Health Center ,Ward -4 | लक्कि डिजाईनर्स एण्ड बिल्डर्स प्रा.लि | ३१,०५,५३२।८२ | |
| ४ | Re105/SQB/BMO/KAPIL/WORKS/81-82 | Upgradation of Siddhipur Road, Ward-4 | शिशिर वर्षा कन्ट्रक्सन प्रा.लि | १०,९३,०३७।२० | |
| ५ | Re106/SQB/BMO/KAPIL/WORKS/81-82 | Chamkipur Gauko Jharanaiya Kulo,Ward-3 | एम.डि निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि | ४,५४,२९७।९२ | |
| ६ | 108/SQB/BMO/KAPIL/WORKS/81-82 | Upgradation Works of Jaycees Vawan,Ward-1 | लारी कन्ट्रक्सन | ९,००,२२३।२७ | |

**प्रमुख प्रशासकीय अधिकृत**

# निजी स्कुलका सञ्चालकहरुको इखले जन्मिएको माउण्ट सैपाल

**मिसन संवाददाता**
*धनगढी, १६ वैशाख*

२०६५ सालमा टीकापुरस्थित निजी र संस्थागत विद्यालयका शिक्षकहरूले तलब बढाउन माग गरे। उनीहरूले समिति नै बनाएर आन्दोलन सुरु गरे। निजी विद्यालयका तर्फबाट आन्दोलनको नेतृत्व गरेका थिए हाल माउण्ट सैपाल इन्टरनेशनल एकाडेमीका प्रिन्सिपल छत्रराज जोशीले।

विद्यालय सञ्चालकहरूले उनीहरूको कुरै सुनेनन्। उनीहरूले उल्टै शिक्षकहरूलाई हेपाहा व्यवहार देखाए। सञ्चालकहरूले सक्ने भए विद्यालय चलाएर देखाउन भनेर चुनौती दिए। केही शिक्षकहरूलाई यो कुराले छोयो। उनीहरू मध्ये ७ विद्यालयमा कार्यरत २८ जनाले राजिनामा दिए।

ती २८ जना शिक्षकहरूले विद्यालय चलाएर देखाउ भन्ने सञ्चालकहरूको चुनौतीलाई सामना गर्ने निष्कर्ष निकाले। उनीहरूले आफैँ शिक्षक र आफैँ सञ्चालक रहेर स्कुल खोल्ने तयारी थाले। २०४६ सालमा हालको बर्दगोरीया गाउँपालिका बौनियाँमा दर्ता भएको स्कुललाई टीकापुर सार्ने सहमति भयो। सो विद्यालय द्वन्द्वका कारण बन्द हुने अवस्थामा थियो।

विद्यालय टीकापुर सारियो। नाम राखियो, माउण्ट सैपाल इन्टरनेशनल एकाडेमी। त्यसको नेतृत्व गरे हाल प्रबन्ध निर्देशक रहेका डिल्लीराज रेग्मीले। उनी विद्यालयको संस्थापक प्रिन्सिपल बने। सञ्चालकहरूका बीचमा पढाए वापत तलब लिने तर लगानीको लाभांश नलिने सहमति भयो। उनीहरूले बरु विद्यालय घाटामा गए व्यहोर्ने सामूहिक प्रतिबद्धता गरे। उनीहरूले फाइदा भएको रकम विद्यालयको शैक्षिक र भौतिक विकासमा खर्च गर्ने प्रतिबद्धता समेत गरे।

उनीहरूले विद्यालय नर्सरीदेखि कक्षा १० सम्म अंग्रेजी र कक्षा ६ देखि १० सम्म नेपाली माध्यममा सञ्चालन गर्ने जमर्को गरे। अहिले नेपाली माध्यम बन्द भैसकेको छ। अर्काको विद्यालयमा शिक्षकको जागिर छोडेर इखले सञ्चालक बन्न तम्सिएका उनीहरूका अघि चुनौतीको ठूलो पहाड थियो। तर सँगै मर्ने र सँगै बाँच्ने कसम खाएका उनीहरूले चुनौतीको सामूहिक रूपमा सामना गरे। पुष महिनामा राजिनामा दिएका शिक्षकहरू चैत महिनासम्म अभिभावकका घरघरमा पुगे। उनीहरूले अभिभावकलाई आफ्नो बालबालिकालाई कहाँ पढाउने ? भनेर फर्म भर्न लगाए। अभिभावकले भरेको फर्मकै आधारमा उनीहरूले विद्यालयको तयारी थाले। भर्ना खोलेको ७ दिनमै ८२० विद्यार्थी भर्ना भए। 'आठौँ दिनबाट भर्ना अभियान रोक्यौँ। त्यो हामीले नसोचेको उपलब्धी थियो' संस्थापक प्रिन्सिपल रेग्मीले भने, 'हामीले कमाएको गुडविलले सहज भएको हुनसक्छ।'




विद्यालयको सुखद सुरुवातले अहिलेसम्म कतै अल्झिनु परेको छैन। उनीहरूलाई आफैँ सञ्चालक र आफैँ शिक्षक भएका कारण पनि काम गर्न सहज भयो। कोरोनामा उनीहरूले १० महिनाको तलब लगेनन्। विद्यार्थीसँग मासिक शुल्क समेत उठाएनन्। सञ्चालक बाहेकका शिक्षक कर्मचारीको तलब भने रोकेनन्। विद्यालय सहकारी सिस्टममा अघि बढेको छ। सञ्चालकको संख्या २८ बाट बढेर ४८ पुगेको छ। शिक्षकलाई नै सञ्चालक बनाउने नीति अनुसार संख्या बढेको हो। पछि जोडिएका सञ्चालकहरू पनि सुरुवातमा भएका प्रतिबद्धताप्रति सहमत छन्। उनीहरूले दैनिक हिसाब सार्वजनिक गर्ने गरेका छन्। हरेक महिना सञ्चालक समितिको बैठक बस्छ। सो बैठकमा महिनाभरीको हिसाब सार्वजनिक गरिन्छ।

विद्यालय सुरुवातमा खक्रौला रोडसँगै जोडिएको थियो। अर्काको जग्गामा टहरा बनाएर विद्यालय सुरु गरिएको थियो। अहिले विद्यालय वनगाउँ नजिकै सारिएको छ। पुरानो ठाउँमा समेत कक्षा ५ सम्म सञ्चालन मै छ। उनीहरूले वनगाउँमा विद्यालयका नाममा १० कठ्ठा जमिन खरिद गरेका छन्। थप ३ कठ्ठा जमिनसमेत रहेको छ। उनीहरूले आफ्नै जमिनमा भवन निर्माण गरेका छन्। विद्यार्थीको सहजताका लागि दुईवटा बस छन्। करिब ९ सय बढी विद्यार्थी अध्ययनरत छन्।

विद्यालयको शैक्षिक अवस्था सन्तोषजनक छ। गतवर्ष एसईईमा निजी विद्यालयबाट छात्रा तर्फ विनु रावल कैलाली जिल्ला प्रथम भइन। यो वर्ष कक्षा ८ मा ८७ प्रतिशत र कक्षा ५ मा शतप्रतिशत रिजल्ट हासिल गरेको छ। विद्यालयबाट एसईई गरेका थुप्रै विद्यार्थीले उच्च शिक्षा हासिल गरेका छन्। २ जना चिकित्सक, ८ जना इन्जिजियर, ४ जना सिए, १ जना भेटेनरी डाक्टर छन्। निजामती लगायतका ठाउँमा नाम निकाल्नेको संख्या पनि धेरै छ।

उनीहरू सुविधासम्पन्न प्लसटुको योजनामा छन्। त्यसका लागि काठमाडौँको राम्रो कलेजसँग सहकार्य गर्ने प्रबन्ध निर्देशक रेग्मीले जानकारी दिए। विद्यालयको सुरुवाती चरणमा हाल प्रबन्ध निर्देशक रहेका संस्थापक प्रिन्सिपल रेग्मीले निकै मेहनत गरे। उनले त्यत्रो ठूलो टिमलाई जोगाउन महत्वपूर्ण भूमिका खेले। आज टिमको धैर्यताले विद्यालय सफलताको बाटोमा अघि बढेको छ। रेग्मी २०६५ देखि २०७८ सम्म प्रिन्सिपल रहे।

रेग्मीपछि प्रिन्सिपलको जिम्मेवारी छत्रराज जोशीले सम्हाले। उनले २०५९ जेठबाट टीकापुरस्थित पशुपति एकाडेमीमा पढाउन सुरु गरेका थिए। मानविकीमा स्नातक गरेर शिक्षण पेशामा लागेका जोशीले पढ्दै पढाउँदै स्नातकोत्तर तह उत्तीर्ण गरेका छन्। उनले धनगढीस्थित पञ्चोदय माविबाट २०५२ मा एसएलसी उत्तीर्ण गरेका हुन्। मानविकीमा स्नातक तहसम्मको अध्ययन कैलाली बहुमुखी क्याम्पसबाट पूरा गरे। उनी स्नातकोत्तर तहको अध्ययनका लागि काठमाडौँ जाने तयारीमा थिए। यही बेला उनका आफन्त हिरण्य शर्माले पढाउँदै पनि पढ्न सक्ने सल्लाह दिए।

त्यसपछि उनले नेपालगन्जस्थित महेन्द्र बहुमुखी क्याम्पसबाट शिक्षा संकायमा स्नातक र मानविकीमा स्नातकोत्तर तहको अध्ययन पूरा गरे। यो बिचमा उनले शिक्षण बाहेकको पेशा तर्फ ध्यानै दिएनन्। 'खै किन हो मलाई शिक्षक बाहेक अन्त ध्यानै गएन' उनले भने, 'म बालबालिकासँगै रमाएँ।' उनको दैनिकी पढाउनमै बित्छ। आफ्नो विद्यालय मात्रै हैन उनले आरएमई स्कुल र बीरेन्द्र विद्या मन्दिर क्याम्पसमा समेत आंशिक प्राध्यापकका रूपमा पढाउँछन्।

उनले प्रिन्सिपलको जिम्मेवारी थोरै चुनौतीपूर्ण रहेको बताए। तर उनी टिमको सहयोगले हरेक चुनौती सहज भैरहेको बताउँछन्। 'हामी सबै मिलेर हरेक चुनौतीको सामना गर्छौँ,' उनले भने, 'सबैको सामूहिक भावनाले नै विद्यालय यो स्थानमा पुगेको छ।'

# वीरेन्द्रनगरका सामुदायिक विद्यालय सञ्चालन गर्न निर्देशन

**मिसन संवाददाता**
*वीरेन्द्रनगर, १६ वैशाख*

जिल्लाको वीरेन्द्रनगर नगरपालिकाले विद्यालय सञ्चालन गर्न निर्देशन दिएको छ। नगरपालिकाले लामो समयदेखि शैक्षिक गतिविधि प्रभावित भएको भन्दै बुधबारबाट विद्यालय नियमित रूपमा सञ्चालन गर्न निर्देशन दिएको हो।

नगरपालिकाले जारी गरेको सूचनामा भनिएको छ, 'नेपाल शिक्षक महासंघको नेतृत्वमा २०८१ चैत २० देखि सुरु भएको काठमाडौँ केन्द्रित आन्दोलन निरन्तर भइरहेको सन्दर्भमा लामो समयसम्म विद्यालय बन्द छन्। विद्यालय बन्द रहँदा विद्यालयको नियमित शैक्षिक कार्यक्रमहरू प्रभावित भई बालबालिकाको पढ्न पाउने मौलिक हक र अधिकारमा प्रतिकूल प्रभाव परेको छ।'

नगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा शैक्षिक गुणस्तर सुधारका लागि प्रयत्न गर्दै आएको छ। नगरपालिका शिक्षा शाखा प्रमुख धिरेन्द्रप्रसाद शर्माका अनुसार शिक्षकहरूलाई विद्यालयमा नियमित पठनपाठनमा निरन्तरता दिन निर्देशन दिइएको छ। 'आफ्ना जायज तथा संविधानसम्मत मागहरूको सम्बोधन ससम्मान गराउनका लागी वैकल्पिक तवरले उठान गर्न र उक्त मागहरू पूरा गर्न नेपाल सरकारलाई पनि अनुरोध छ,' उनले भने, 'शैक्षिक सत्र २०८२ को भर्ना अभियान, पाठ्यपुस्तक वितरण, शैक्षिक तथा प्रशासनिक कार्यहरू तत्काल सञ्चालन गर्न निर्देशन दिएका छौँ।'

वैशाख १७ गतेदेखि नियमित रूपमा विद्यालयहरूमा पठनपाठन कार्य सुचारु गर्न गराउन सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायतलाई निर्देशन दिइएको हो।

यता सुर्खेतको चिङ्गाड गाउँपालिकाले पनि विद्यालय सञ्चालनका गर्नका लागि शिक्षक तथा कर्मचारीलाई निर्देशन दिएको छ। गाउँपालिका अध्यक्ष तथा शिक्षा समितिका अध्यक्ष बोधबिक्रम जिसीका हनुसार लामो समयदेखि शिक्षक कर्मचारीहरू काठमाडौँ केन्द्रित आन्दोलनमा सहभागी छन्।

# जंगलमा श्रीमान श्रीमती मृत फेला



**कञ्चनपुर।** कञ्चनपुरमा श्रीमान श्रीमती मृत फेला परेका छन्। जिल्लाको पुनर्वास नगरपालिका-९ स्थित जनजागरण सामुदायिक वनमा पुनर्वास-९ 'ख' गाउँका ६८ वर्षीय सगराम भुल र उनकी ६६ वर्षीया श्रीमती गंगादेवी भुल मृत फेला परेका हुन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक झलक शर्माका अनुसार दुवै जनाको शव रुखमा झुन्डिएको अवस्थामा भेटिएको छ।

'वैशाख ११ गते छोरासँग विवाद भएपछि उनीहरू घरबाट ससुराली जाने भन्दै निस्केका थिए,' प्रहरी निरीक्षक शर्माले भने, 'त्यसपछि उनीहरूसँग सम्पर्क हुन नसकेपछि आफन्तहरूले भोलिपल्ट इलाका प्रहरी कार्यालय त्रिभुवनबस्तीमा खोजतलासका लागि निवेदन दिएका थिए। खोजतलास गर्दा पनि दुवै जना भेटिएका थिएनन्।

सोमबार बेलुका दुवै जना मृत फेला परेका छन्।' घटनाबारे अनुसन्धान भइरहेको प्रहरी निरीक्षक शर्माले बताए।


**Goverment of Nepal**
**Water Sector Government and Infrastructure Support Project**
**Sharada Project Implementation Unit**
**Sharada Municipality, Salyan**

**Notice of Amendment**

With reference to the electronic bid for Procurement for Construction of Jarkhu Water Supply Project (IFB No: 01/WS/PIU/Sharada) published on 9th April 2025, the following amendment has been made

Under the Section III: Evaluation and Qualification Criteria 2.4.2(b) Construction Experience in Key Activities (b)" Supply and Installation of 11 kVA electrical power line of minimum 5 km in length and 5 number of transformers having minimum capacity of 25 KVA and at least five multi stage submersible pump in one or multiple contract" has been amended to:

Supply and Installation of 11 kVA electrical power line of minimum 5 km in length and 5 number of transformers having minimum capacity of 25 KVA and at least five multi stage submersible pump in one or multiple contract

OR

Experience in a pumping water supply project with a minimum pumping head of 200m or more in a single project"

For details please login to www.bolpatra.gov.np

**Project Manager**



**LUMBINI TECHNOLOGICAL UNIVERSITY**
**Nepalgunj, Banke**

**Invitations for Sealed Quotations**

**Date of Publication: 2082/01/17 (30 April, 2025)**

**Sealed Quotation No:LTU/G/SQ/NCB-01/081/082**

1. The Lumbini Technological University invites sealed quotations from registered Suppliers for the Supply, Delivery and Installation of Video Conference System in Lumbini Technological University, Nepalgunj, Banke.Only eligible bidders should participate in the bidding for the contracts as in the table below. The bid validity period is 45 days from the date of last date of bid submission.

| S.N. | Contract Name and Number | Bid Security (NRs.) | Bid Document fee |
|---|---|---|---|
| 1. | Supply, Delivery and Installation of Video Conference System in Lumbini Technological University, Nepalgunj, Banke. LTU/G/SQ/NCB-01/081/082 | 37,000/- | 1,000/- |

2. Only Electronic Bidding through www.bolpatra.gov.np/egp is permitted and quotation shall be submitted on or before 2082/01/31 (May 14th 2025) 12:00 Noon and Bid shall be opened on the same date 2082/01/31(May 14th 2025) 14:00 Noon at Employer's Office; Lumbini Technological University, Nepalgunj, Banke.
3. Eligible Bidders may obtain the further information from Lumbini Technological University, Nepalgunj, Banke or may visit PPMO website www.bolpatra.gov.np/egp to download all the bidding documents.
4. The Bidder is required to deposit the non-refundable fee of NRs. 1,000 in the Revenue Head Account No. 1000100200010000Revenue Head: 14229 and attach the copy of the bank deposit Voucher with bid document.
5. Bid Security (Cash/Bid bond) should be deposited in DharutiKhata of LUMBINI TECHNOLOGICAL UNIVERSITY, NEPALGUNJ, BANKE.
   **Name of the Bank** : Rastriya Banijya Bank, Nepalgunj, Banke
   **Name of Office** : Lumbini Technological University, Nepalgunj Banke.
   **Office Code no.** : 3500057055
   **DepositAccountno.:** KHA-2-3:DHARAUTIA/C(PARA.LE.NI.KA)4130100202030000
6. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NPR 37,000/-which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of quotation submission falls on government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Registrar**



**Bheri Municipality**
**Office Of The Municipal Executive**
**Khalanga, Jajarkot**
**Karnali Province, Nepal**

**Invitation for Sealed Quotation**

Invitation for Sealed Quotation for the procurement of Supply and delivery of cooking and serving utensils

**Sealed Quotation No: BM/SQ/GOODS-01/2081/2082**

**Date of first Publication: 30-04-2025**

1. The Bheri Municipality invites sealed quotations from registered Suppliers for the Supply and delivery of cooking and serving utensils.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Khalanga, Jajarkot Jajarkot, 089430002,, bherimalikamun@gmail.com.

   OR

   [may visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Bheri Municipality Khalanga, Jajarkot Jajarkot and the officeBheri Municipality Khalanga, Jajarkot Jajarkot by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.0 till 16-05-2025 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. **Name of the Bank:** Nepal Bank Ltd.
   ii. **Name of Office:** Bheri Municipality
   iii. **Office Code no :** 801066603
   iv. **Office Account No :** 07503000001001000002
   v. **Rajaswa (revenue) Shirshak No. :** 14249
5. Sealed bids must be submitted to the office Bheri Municipality Khalanga, Jajarkot Jajarkot by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 16-05-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 16-05-2025 12:00 at the office of Bheri Municipality
   Khalanga, Jajarkot
   Jajarkot
   Karnali Province, Nepal.
   Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 30000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. [07530000030000000003] at [Nepal Bank Ltd., khalanga jajarkot] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# 'एनडिसी तेस्रो': जलवायु मुद्दामा नेपालको प्राथमिकता

विकसित मुलुकहरूले तय गरेका नीतिहरू चाहे त्यो पेरिस सम्झौताको "भोलन्टरी" एनडिसी होस् वा ग्रिन क्लाइमेट फन्डको मोडालिटी, प्रायः विश्वका राष्ट्रहरूका लागि नीतिगत साँचो बनिरहेका छन् । तर जब त्यही मोडेल विकासोन्मुख राष्ट्रमा "कपीपेष्ट" गरिन्छ, तब त्यो असमान शक्ति संरचना र स्रोतको सन्दर्भमा न्यायोचित हुँदैन । नेपालको तेस्रो एनडिसीमा उत्सर्जन न्यूनीकरणमा गरिएको ठूलो लगानीको कारण प्रस्ट हुन्छ कि यो एकातिर अन्तर्राष्ट्रिय फन्डको आकर्षण हो भने अर्कोतर्फ विश्व मञ्चमा नेपालको "हरित" प्रतिबद्धता देखाउने प्रयास हो । सरकारले आयोजना गर्न लागेको सगरमाथा संवादभन्दा अगाडि नै तेस्रो एनडिसी पेस गर्ने तयारी गरेको छ । यसमा पर्याप्त छलफल आवश्यक छ । अझ यसमा धेरै बहस चलाइनुपर्दछ । नेपालको अवश्यकताको विषयलाई प्राथमिकतामा राखिने व्यवस्था मिलाउनु आवश्यक छ ।



सविन शर्मा

नेपाल विश्वको कुल हरितगृह ग्यास उत्सर्जनमा शून्य दशमलव एक प्रतिशतभन्दा पनि कम योगदान गर्ने मुलुक हो । आज जलवायु संकटको विश्वव्यापी बहसमा 'नेट-शून्य उत्सर्जन' को नारा लिएर नेपाल उभिएको छ । यति थोरै योगदान भएको मुलुकले आफ्नो भविष्य, अस्तित्व र विकासको बाटोमा यो संकटबाट सुरक्षित राख्न नीतिगत प्रयास गर्नु राम्रो विषय हो । तर, यो प्रयासका लागि करिब ८९ अर्ब डलरको लागतमा 'उत्सर्जन न्यूनीकरण' योजना बन्छ र 'जलवायु अनुकूलन' तथा 'क्षति-नोक्सानी' लाई मात्र १० देखि १२ अर्ब अर्थात् आठ भाग जति बजेट छुट्याउने योजना रहेको देखिन्छ । यो विषय हामीमा प्रश्न उठ्छ, के नेपालको प्राथमिकता जलवायु न्यायअनुरूप छ त ? अझै प्रश्न उठ्छ के त्यो पनि अन्तर्राष्ट्रिय दबाब र वित्तीय सहायताको परिप्रेक्ष्यमा परिभाषित भइरहेको त छैन ?

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका (प्रारूप) महासन्धि (युएनएफसिसिसी) को पक्ष राष्ट्रहरूको २१औँ सम्मेलनअन्तर्गत पेरिस सम्झौताले विश्वको औसत तापक्रम वृद्धि एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्ने र दुई डिग्री सेल्सिएसभन्दा बढ्न नदिने लक्ष्य राखेको छ । यो लक्ष्य प्राप्त गर्नका लागि पेरिस सम्झौताको पक्ष राष्ट्रहरूले प्रत्येक पाँच वर्षमा राष्ट्रिय निर्धारित योगदान (एनडिसी) पेस गर्नुपर्ने प्रावधान रहेको छ । साथै, पेरिस सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न यस सम्झौताको धारा १३ ले एक परिष्कृत पारदर्शिता खाका स्थापना गरेको छ । नेपालले सन् २०१६ र २०२० मा पहिलो र दोस्रो राष्ट्रिय निर्धारित योगदान तयार गरी युएनएफसिसिसीको सचिवालयमा पेस गरेको थियो । सन् २०२५ भित्र तेस्रो एनडिसी पेस गरी परिष्कृत पारदर्शिता खाका अङ्गिकार गर्नुपर्ने प्रावधानलाई मध्यनजर गर्दै नेपालले हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न जलवायु अनुकूलनसम्बन्धी परिमाणात्मक र नीतिगत लक्षहरू आवधिक रूपमा परिमार्जन गरी तेस्रो एनडिसी तपार पारेको हो ।

तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी तेस्रो) हेर्दा नेपालको प्राथमिकतामा कार्बन उत्सर्जन न्यूनीकरणलाई प्राथमिकतामा राखेको देखिन्छ । चालिस पृष्ठको कार्ययोजनामध्ये २२ पृष्ठ 'मिटिगेसन'मा नै केन्द्रित देखिन्छ । जबकि अनुकूलन कार्ययोजनाका लागि जम्मा पाँच पृष्ठमा समेटिएको छ । साथै क्षति र नोक्सानीलाई मात्र दुई पृष्ठ छुट्याइएको छ । यस्तो असन्तुलनले नेपालको प्रतिबद्धतामा जलवायु संकटको वास्तविकता र प्राथमिकताको गहिरो विरोधाभास देखाउँछ । नेपाल विश्वका १०औँ सबैभन्दा जलवायु संवेदनशील देशहरूमध्ये पर्दछ । हरेक वर्ष बाढी, पहिरो, डढेलो, असिनापात, चरम सुक्खा र असामान्य मौसमी घटनाबाट जनधनको ठूलो क्षति भोगिरहेको छ । हामी जिउँदो संकटको भोगाइमा भएकाले जलवायु अनुकूलन र क्षति-नोक्सानी न्यूनीकरणभन्दा पनि तत्कालीन आवश्यकता हुन् ।

सरकारले तयार पारेको एनडिसी हेर्दा 'भोगाइ' भन्दा 'देखाइ' लाई प्राथमिकता दिइएको देखिन्छ । तेस्रो एनडिसीको रणनीति हेर्दा नेपाल 'जलवायु हिरो' बन्ने दौडमा सहभागी भएको छ, तर आफ्ना नागरिकहरूको जीवन र जीविकाको सुरक्षा गर्ने दौडमा भने पछि परेको स्पष्ट छ । सरकारले जनताको जीवन र जीविकाभन्दा पनि विश्वसामु आफूले कार्बन उत्सर्जनमा गरेको न्यून योगदान शून्यमा झार्ने रणनीतिलाई प्राथमिकतामा राखेको छ । आफ्नो मुलुकका जनताको हितमा काम गर्नेभन्दा पनि नगरेको दोषको रोकथाममा बढी कार्ययोजना बन्नुले यसलाई महत्वकाङ्क्षी मान्न सकिन्छ ।

एकातिर विकसित मुलुकहरूले विकासोन्मुख राष्ट्रहरूलाई सधैँ हरित अर्थतन्त्रको सल्लाह दिइरहन्छन् । अर्कोतर्फ, उनीहरू आफ्नै उत्सर्जन घटाउने प्रतिबद्धतामा पछि परेका छन् । अमेरिका, युरोपेली युनियन र चीन जस्ता मुलुकहरूले आजसम्म विश्वको करिब ७० प्रतिशतसम्म उत्सर्जन गरेका छन्, तर जलवायु वित्तको क्षेत्रमा उनीहरूको योगदान अपेक्षाकृत न्यून छ । सबैभन्दा बढी उत्सर्जनमा योगदान गरेका मुलुकहरूले त्यसलाई रोकथाम गर्ने विषयमो कार्ययोजना बनाउन नसकेको अवस्थामा नेपालले भने सबैभन्दा पहिला हुने नाममा जीवन र जीविकाको सुरक्षा गर्ने अनुकूलनका कार्यक्रमलाई न्यून प्राथमिकतामा राखेको छ । नेपालमा उत्पन्न भएको जलवायुजन्य जोखिमहरूका रूपमा थामेको बाढी, मनाङ, मुस्ताङको बाढी पहिरो, गत वर्ष असोजमा गएको बाढीपहिरोका घटनालाई लिनुपर्ने हुन्छ । यी र यस्ता घटनाको अनुसन्धान गरी जोखिम न्यूनीकरणभन्दा पनि अनुकूलनका कार्यक्रमलाई प्राथमिकतामा राखेर तत्काल कार्यान्वयनमा जानुपर्ने स्थिति रहेको छ ।

विकसित मुलुकहरूले तय गरेका नीतिहरू चाहे त्यो पेरिस सम्झौताको 'भोलन्टरी' एनडिसी होस् वा ग्रिन क्लाइमेट फन्डको मोडालिटी, प्रायः विश्वका राष्ट्रहरूका लागि नीतिगत साँचो बनिरहेका छन् । तर जब त्यही मोडेल विकासोन्मुख राष्ट्रमा 'कपीपेष्ट' गरिन्छ, तब त्यो असमान शक्ति संरचना र स्रोतको सन्दर्भमा न्यायोचित हुँदैन । नेपालको तेस्रो एनडिसीमा उत्सर्जन न्यूनीकरणमा गरिएको ठूलो लगानीको कारण प्रस्ट हुन्छ कि यो एकातिर अन्तर्राष्ट्रिय फन्डको आकर्षण हो भने अर्कोतर्फ विश्व मञ्चमा नेपालको 'हरित' प्रतिबद्धता देखाउने प्रयास हो । सरकारले आयोजना गर्न लागेको सगरमाथा संवादभन्दा अगाडि नै तेस्रो एनडिसी पेस गर्ने तयारी गरेको छ । यसमा पर्याप्त छलफल आवश्यक छ । अझ यसमा धेरै बहस चलाइनुपर्दछ । नेपालको अवश्यकताको विषयलाई प्राथमिकतामा राखिने व्यवस्था मिलाउनु आवश्यक छ ।

नेपालका लागि अनुकूलन रणनीति कुनै वैकल्पिक नभई अस्तित्वको आवश्यकता हो । एनडिसी तेस्रोमा प्रस्तुत गरिएको अनुकूलन योजना व्यापक जस्तो देखिए पनि त्यसमा स्पष्टता, गम्भीरता र लगानीको अभाव प्रस्ट देखिन्छ । दस्तावेजमा उल्लेख भएजस्तै, कृषिमा जलवायु स्मार्ट प्रविधिको प्रयोग, वन व्यवस्थापनमा सामुदायिक सहभागिता, सहरी क्षेत्रको हरियालीकरण जस्ता उपायहरू आवश्यक छन् । तर यिनीहरूलाई कार्यान्वयन गर्न न त पर्याप्त स्रोत विनियोजन गरिएको छ, न त तिनको आन्तरिक समन्वय स्पष्ट छ । जलवायु असर सबैभन्दा बढी विपन्न, महिला, जनजाति, साना किसान, आदिवासी र अपाङ्गता भएका समुदायहरूमा पर्ने गर्दछ । तर त्यही वर्गका लागि लक्षित कार्यक्रमहरू अनिश्चित र छरिएका छन् । यस्तो बेला 'जलवायु न्याय' व्यवहारमा नभई केवल भाषणको मुद्दा बन्न पुग्छ ।

अनुकूलन र न्यूनीकरण परस्पर विरोधी रणनीति होइनन् । तर नेपालले एनडिसी तेस्रोमा न्यूनीकरणलाई अतिरञ्जित प्राथमिकता दिएर नीतिगत सन्तुलन गुमाएको देखिन्छ । सन् २०३० भित्र ५० प्रतिशत नवीकरणीय ऊर्जा, २५ प्रतिशत विद्युतीय सवारीसाधन, १५ प्रतिशत हरित भवन निर्माणजस्ता लक्ष्यहरू महत्वाकाङ्क्षी छन् । तर जब यी लक्ष्यहरू हासिल गर्न ८० प्रतिशतभन्दा बढी बजेट छुट्याइन्छ, अनि जलवायु विपद्को तत्कालीन असरसँग लड्ने उपायहरू पछि परेका छन् । यसैकारण यो नीतिगत कार्ययोजना नै कमजोर हो भन्ने पुष्टि गर्दछ । नेपालजस्ता मुलुकका लागि जलवायु योजना प्रतिकात्मक अनुपालन मात्रमा सीमित नभई अस्तित्व उन्मुख हुनुपर्छ ।

**जलवायु नेतृत्व कि अभिनय ?**

नेपालले हालैका वर्षहरूमा जलवायु सम्मेलनहरूमा सक्रिय उपस्थिति देखाएको छ । ग्लासगोमा प्रधानमन्त्रीको भाषणदेखि लिएर अजरबैजानसम्मको प्रतिनिधिमण्डलमा उपस्थिति उल्लेखनीय थियो । तर त्यस्तो उपस्थितिले जब राष्ट्रिय नीतिमा मेल खान्न, तब त्यो 'अभिनय' को झल्को दिन थाल्छ । हरेक वर्ष वार्षिक भ्रमणमा निस्कने सरकारी प्रतिनिधिमण्डलले बढी प्रभावित भएको मुलुकको हैसियतमा नेतृत्व गरेर अगाडि बढ्न सकिरहेको छैन ।

सरकारले असम्बन्धित व्यक्तिहरूलाई भ्रमण गराउने कार्यक्रममा मात्रै सीमित भएको सम्मेलनहरूलाई फलदायी बनाउने र आफ्ना एजेन्डाहरूलाई विश्वका लिडरहरूको सामु निडर भएर राख्न सक्ने हुनु आवश्यक छ । हानि, नोक्सानी र क्षतिको व्यवस्थाका लागि मुलुकभित्र नै नीतिगत सुधार गरी अध्ययन अनुसन्धान गरिनुपर्नेमा सरकारले त्यसतर्फ कुनै चासो देखाएको छैन । वन तथा वातावरण मन्त्रालयका मन्त्री, सचिव, सहसचिवहरू विदेश भ्रमणमा मात्रै केन्द्रित हुने तर उपलब्धि शून्य हुने परिस्थिति रहेको छ । यो विगतदेखि नै चलिआएको चलन जस्तो भएको छ । हामीले यसलाई सुधार गरेर अगाडि बढ्नु आवश्यक छ । हामीले विश्वमा जलवायु जोखिम भएका मुलुकहरूको नेतृत्व गर्नेगरी अगाडि बढ्नु आवश्यक छ । अहिलेसम्म सरकारका तर्फबाट अभिनयमात्र भइरहेको छ ।

'नेट शून्य उत्सर्जन' को लक्ष्य राम्रो छ, तर के त्यो उपलब्धि उन्मुख छ ? वा त्यो पनि 'अनुदान-उन्मुख' ? नेपालले यदि नेतृत्व दिन खोजेको हो भने त्यो व्यवहारमा देखिनुपर्छ । उदाहरणका रूपमा स्थानीय सरकारहरूलाई जलवायु नीति निर्माणमा अधिकार दिइएको छ वा छैन ? भन्ने विषयमा सोच्नुपर्दछ । स्थानीय सरकारले आफू अनुकूलको जलवायु नीति निर्माण गर्ने अधिकारभन्दा पनि संघीय नीतिलाई नै अवलम्बन गर्नुपर्ने बाध्यता रहेको छ । अनुकूलन बजेट विपद्को जोखिमका आधारमा विभाजन गरिएको छ कि छैन ? भन्ने विषयलाई विशेष ख्याल राख्नुपर्दछ ।

हामीकहाँ मनसुनजन्य विपद्सँगै जलवायुजन्य जोखिम बढिरहेको छ । गत वर्षको असोजमा गएको बाढी पहिरोले ठूलो जनधनका क्षति पुगेको थियो । यसलाई कम गर्नेतर्फ स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गरी अनुकूलन बजेट प्रदान गरिनुपर्दछ । हानि तथा नोक्सानी कोषमा पहुँच सहज र पारदर्शी छ कि छैन ? भन्ने प्रश्नको उत्तर अस्पष्ट हुन्छ, तब सन्देशभन्दा बढी सङ्कल्प आवश्यक देखिन्छ ।

एनडिसी तेस्रोको समावेशी प्रयासः आशा र चुनौतीबीच नेपालले जलवायु परिवर्तनसँग जुध्नका लागि यो एउटा रणनीतिक दस्तावेज हो जसमा उत्सर्जन न्यूनीकरण, जलवायु अनुकूलन, वित्तीय तथा संस्थागत प्रबन्धको खाका प्रस्तुत गरिन्छ । तर एनडिसी तेस्रोको चर्चा केवल कार्बन कटौतीमा सीमित छैन । यसले समावेशिता, सामाजिक न्याय र दिगो विकासलाई पनि केन्द्रीय विन्दु बनाउने संकेत दिएको छ ।

एनडिसी तेस्रोले महिला, युवा, दलित, जनजाति र विपन्न समुदायको सशक्तीकरणलाई प्राथमिकतामा राखेको छ । योजनाको निर्माण र अनुगमन प्रक्रियामा उनीहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने लक्ष्य राखिएको छ ।

जलवायु कार्यक्रमहरू सामुदायिकस्तरमै कार्यान्वयन गर्नुपर्ने स्पष्ट मान्यता दिइएको छ, जुन सैद्धान्तिक रूपमा जलवायु न्यायसँग मेल खान्छ । यसले जलवायु शिक्षालाई औपचारिक प्रणालीमा समावेश गर्ने प्रयास गरेको देखिन्छ । तर यसका लागि कार्ययोजना भने स्पष्ट रूपमा उल्लेख गरिएको छैन । विद्यालय तहदेखि नै जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गर्ने नीति राखिएको छ । वातावरणीय साक्षरता बढाउन पाठ्यक्रम, शिक्षक तालिम र शैक्षिक सामग्री विकास गरिने भनिए पनि यसको प्रत्युत्पादन कस्तो हुने भन्ने स्पष्ट बनाउनु आवश्यक छ । यसले दीर्घकालमा सचेत नागरिक निर्माणमा योगदान गर्नेछ ।

ग्रामीण युवालाई लक्षित गर्दै हरित स्टार्टअप, बायो-फेर्टिलाइजर, सौर्य ऊर्जा, रिसाइकल उद्योग, पर्या-पर्यटनलगायतका क्षेत्रमा लगानी गर्ने नीति बनाइएको छ । निजी क्षेत्रलाई जलवायु स्मार्ट कृषि र नवीकरणीय ऊर्जा क्षेत्रमा आकर्षित गर्न कर छुट तथा वित्तीय प्रोत्साहनका कुरा गरिएका छन् । यसका लागि जलवायु न्यायप्रतिको नीतिगत स्वीकृति आवश्यक पर्दछ । जलवायु परिवर्तनको असर सबैलाई एउटै हुन्छ भन्ने दृष्टिकोणलाई अस्वीकार गर्दै एनडिसी तेस्रोले असमान असरको कुरा उठाएको छ । यो मान्यता नीतिगत तहमा समावेश हुनु आफैँमा सकारात्मक प्रगति हो । तर यी आशाहरू कार्यान्वयनमा भने शङ्का उत्पन्न हुन्छ । कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट आन्तरिक बजेटको प्राथमिकतामा पर्न सकिरहेको छैन ।

प्रदेश र स्थानीय तहमा कार्यान्वयन गर्ने जिम्मेवारी दिइए पनि त्यसका लागि स्पष्ट योजना, स्रोत र क्षमता विकास नहुँदा नीति 'थप बोझ' बन्ने खतरा छ । उदाहरणका लागि, जलवायु शिक्षा समावेश गर्ने भनिए पनि शिक्षा मन्त्रालय, विद्यालय प्रशासन र शिक्षकबीच तालमेल कसरी कायम गरिने भन्ने विषय स्पष्ट छैन । यसैगरी वित्तीय स्रोतको सीमितता पनि अर्को चुनौती हो । एनडिसी तेस्रोका लक्ष्यहरू पूरा गर्न ठूलो मात्रामा वित्तीय लगानी आवश्यक छ, तर सरकारले आन्तरिक स्रोतको सुनिश्चित नगरेको अवस्थामा अन्तर्राष्ट्रिय सहायता र अनुदानमा मात्र भर पर्ने अवस्था छ । यसले नीति कार्यान्वयनलाई अनिश्चित र अस्थायी बनाउने जोखिम छ ।

यसैगरी एनडिसी कार्यान्वयनमा स्थानीयताको अभाव स्पष्ट देख्न सकिन्छ । सबै प्रदेशमा एउटै रणनीति लागु गर्ने प्रवृत्तिले स्थान विशेषका आवश्यकतालाई बेवास्ता गर्ने खतरा छ । जस्तै, कर्णाली र सुदूरपश्चिममा पहुँच, विपद् जोखिम र गरिबीको स्वरूप फरक छ । त्यहाँको जलवायु नीति पनि त्यसैअनुसार हुनुपर्ने हो । समावेशी सहभागिता बोल्न भन्दा पनि कार्यान्वयनमा चुनौती देखिन्छ । नीतिमा सहभागिता भनिए पनि त्यो कागजी हो कि वास्तविक यो प्रश्न बहसमा नै छ । प्रतिनिधित्व मात्र हैन, निर्णय निर्माणमा प्रभाव पार्ने स्तरमा महिलाहरू, युवाहरू र दलितहरू छन् कि छैनन् नहेरी समावेशीता सुनिश्चित भएको मान्न सकिँदैन ।

**कार्यान्वयनको यथार्थ : वित्त, समन्वय र क्षमता**

एनडिसी तेस्रोको प्रभावकारिता तब मात्र मूल्याङ्कन गर्न सकिन्छ जब कार्यान्वयन पक्ष बलियो हुन्छ । तर यहाँ पनि केही चुनौतीहरू देख्न सकिन्छ । जलवायु परियोजनाहरूमा ८९ अर्ब डलर खर्चको अनुमान गरिएको छ, तर यो रकम कहाँबाट आउँछ भन्ने अझै अनिश्चित छ । आर्थिक व्यवस्थापनको विषयमा तयारी नगरी अगाडि बढ्न सकिने अवस्था छैन । स्थानीय तहहरूमा योजना निर्माण र कार्यान्वयनका लागि आवश्यक तालिमको अभाव छ । मन्त्रालयहरूबीच समन्वय कमजोर छ । मुलुकमा राजनीतिक अस्थिरताविना दीर्घकालीन योजना सम्भव हुँदैन ।

**विकल्प र सुझावहरू :**

सम्भाव्य सुधारका बाटाहरू खोज्नु आवश्यक छ । नेपालले एनडिसी तेस्रोलाई जलवायु न्यायको वास्तविक दस्तावेज बनाउने हो भने आवश्यक सुधार कार्यक्रम ल्याउनु आवश्यक छ । अनुकूलन, न्यूनीकरण र हानी नोक्सानीबीच समानुपातिक प्राथमिकता निर्धारण गर्नुपर्दछ । यस्तै जलवायु वित्तीय योजना पारदर्शी, समावेशी र नतिजामुखी बनाउन सरकारले पहल गर्नुपर्दछ । स्थानीय सरकार र समुदायलाई क्षमता अभिवृद्धि र बजेट स्वामित्व दिने काम हुनुपर्दछ । संघीयता कार्यान्वयनका लागि पनि यो अत्यावश्यक छ । सरकारले अनुदान वा ऋणमा आधारित योजनाभन्दा स्वदेशी स्रोत र हरित नवप्रवर्तनको उपयोगमा जोड दिनुपर्ने हुन्छ । सरकारले सन्देश दिने नभई परिणाम देखाउने व्यवहारमा परिवर्तन विशेषतः नीति कार्यान्वयनमा विशेष ध्यान दिनु आवश्यक छ ।

'हामी पनि जलवायु समाधानको हिस्सा बन्न तयार छौँ' भन्ने सन्देश नेपालले आफ्नो एनडिसी तेस्रोमार्फत अन्तर्राष्ट्रिय समुदायलाई दिएको छ । तर यो सन्देश वास्तविकताभन्दा छवि केन्द्रित भयो भने त्यसले जलवायु न्यायलाई कमजोर बनाउँछ ।

जलवायु संकट केवल एक पर्यावरणीय मुद्दा मात्रै होइन । यो त सामाजिक, आर्थिक र राजनीतिक न्यायसँग गाँसिएको मुद्दा हो । नेपालले यदि साँच्चिकै जलवायु नेतृत्व लिन खोजेको हो भने, त्यो नेतृत्व दस्तावेजबाट होइन, व्यवहारबाट प्रमाणित हुनुपर्छ । हामीले अब चुप लाग्ने होइन, आफूभित्र हेर्ने र सन्तुलन मिलाउने समय हो । जलवायु संकट हाम्रो छालामा छ । खोला, गाउँ, खेत, बस्तीमा छ । त्यसलाई गन्ने होइन, बुझ्ने र सामना गर्ने नीति बनाऔँ ।

*(लेखक वातावरण पत्रकार हुन्)*



# लोपोन्मुख राउटे समुदायको जनसंख्या निरन्तर ओरालो

## जनसंख्या अब १३५ जनामा मात्रै सीमित

नन्दराम जैशी
*सुर्खेत, १६ वैशाख*

पश्चिम नेपालमा फिरन्ते जीवन बिताउँदै आएको राउटे समुदायमा पछिल्लो समय जनसंख्या घट्दै गएको छ। अस्वस्थ खानपान र जीवनशैलीका कारण राउटे समुदायमा जनसंख्या घट्दै गएको हो। सोमबार राति राउटे समुदायका मुखिया सूर्यनारायण शाहीको निधनपछि यो समुदायमा अब १३५ जना मात्रै जनसंख्या रहेको छ। दैलेखको गुराँस गाउँपालिकाले प्रदान गरेको परिचयपत्रका आधारमा ४९ वर्षको उमेरमा उनको निधन भएको हो।

लोपोन्मुख जाति राउटे समुदायले आफ्नो परम्पराअनुसार मृतक शाहीको अन्तिम दाहसंस्कार गरेका छन्। राउटे समुदायका अनुसार केही दिनदेखि उनी अत्यधिक मदिरा सेवन गर्दै आएका थिए। गए राति ९ बजेतिर उनको निधन भएको राउटे समुदायसँग काम गर्दै आएको सोसेक नेपालद्वारा सञ्चालित परियोजनाका जोडी शिक्षक लालबहादुर खत्रीले जानकारी दिए।

उनका अनुसार राउटे समुदायका ३ जना मुखिया हुन्छन्। राउटे समुदायमा तीन गोत्र छन्। तीन गोत्रमध्ये उनी कल्याल गोत्रबाट मुखिया हुन्। सूर्यनारायण २०७२ जेठमा मुखिया बनेका थिए। राउटे समुदाय अहिले २ ठाउँमा छुट्टिएर बस्दै आएका छन्। उनी एउटा समूहको नेतृत्व गर्दै बराहताल गाउँपालिका-८ सुर्खेतको सोतखोलामा बस्दै आएका छन् भने अर्को समूह २ मुखियासहित वीरेन्द्रनगर-१३ को करेखोलामा बस्दै आएको छ।

मुखिया सूर्यनारायण शाही समुदायका सामाजिक संरक्षक मात्र नभई परम्परा, संस्कृति र पहिचानको जगेर्ना गर्न क्रियाशील व्यक्ति थिए। उनले राज्यसँग संवाद गर्ने, समुदायको आवश्यकता र माग राख्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका थिए।

तथ्यांकअनुसार यसअघि ७५ महिला र ६० पुरुष गरी कुल १३६ जना राउटे जनसंख्या रहेको थियो। राउटे समुदायलाई दैलेखको गुराँस गाउँपालिकाले परिचयपत्र प्रदान गरेको छ। गाउँपालिकाले २०७५ असार ३० गते स्थायी परिचयपत्र दिएको हो। त्यतिबेला राउटेको जनसंख्या १४९ थियो। तर २०४० सालमा पहिलोपटक गरिएको गणना अनुसार राउटेको जनसंख्या ३०० को हाराहारीमा थियो। पछि २०६५ सालमा गरिएको अर्को गणनामा राउटेको जनसंख्या घटेर १६६ मा झरेको थियो।



यसरी पछिल्लो समय राउटेको जनसंख्या बिस्तारै घट्दो क्रममा देखिन्छ। राउटे समुदाय दैलेखसहित सुर्खेत, सल्यान, दाङ, अछामको सेरोफेरोमै आफ्नो वस्ती घुमन्ते रूपमा सार्ने गरिरहेका छन्। पहिले पहिले घना जंगलमा बस्ने राउटेहरू जब मानववस्ती नजिकका जंगलमा वस्ती सार्न थाले तब राउटे समुदायमा सकारात्मकभन्दा नकारात्मक प्रभाव बढी देखिन थालेपछि समस्या भएको हो।

**बाल मृत्युदर उच्च, विकृतितर्फ धकेलिए राउटे**

राउटे समुदायमा पछिल्लो पाँच वर्षयता २६ जना शिशु जन्मिएका छन्। ५ वर्षको अवधिमा जन्मिएका २६ शिशुमध्ये १४ जनाले ज्यान गुमाइसकेका छन्। यसले राउटे समुदायमा बाल मृत्युदर ५० प्रतिशतभन्दा बढी देखाउँछ।

बर्सेनि घट्दो अवस्थामा रहेका समुदायमा पछिल्लो समय गत वर्ष असोजदेखि कार्तिक महिनाको अवधिमा २ शिशुको जन्म भएको थियो। राउटे युवा हीरासिंह शाही, बांगे शाही तथा हर्क शाही र फरिना शाही दम्पतीबाट छोरी जन्मिएका हुन्। यस समुदायमा २०७८ असोज २७ यता शिशु जन्मिएका थिएनन्।

पैसा छोए पाप लाग्छ भन्ने यो समुदाय अहिले हाकाहाकी पैसा मात्रै माग्दैनन् कि परम्परागत काठका भाँडाकुँडा बिक्री गरेर या अन्नसँग साटेर आफ्नो जीवनयापन चलाउने बानीसमेत बिर्सिन थालेका छन्। राउटे समुदायमा बजारमा पाइने सुर्तीजन्य पदार्थदेखि मदिरामा बिहानैदेखि लत बढ्दै गएको छ। जीवनयापन सहजताका लागि सरकारले दिएको भत्ताले मदिरादेखि अन्य कुरा किनेरै खाने आदत बढेको पाइन्छ। यो समस्या राउटे समुदायका साना बालबालिकादेखि वृद्धवृद्धासम्म देखिन्छ।

राउटेहरू औषधोपचारसमेत गर्न मान्दैनन्। वस्तीनजिक जडीबुटी पाइँदैन। त्यसकारण राउटेहरू अकालमा मृत्युवरण गर्न बाध्य छन्। राउटेहरूको जीविकोपार्जनका लागि सरकारले २०६५ देखि सामाजिक सुरक्षा भत्ता दिन थालेको थियो। हाल भत्ताबापत प्रतिव्यक्ति मासिक ४ हजार रूपैयाँ दिने गरेको छ। यसैबीच, राउटे समुदाय निरन्तर विकृतितर्फ धकेलिरहेका छन्।२०६५ अघि राउटेहरू जीवन निर्वाहका लागि हातले बनाइने घरेलु प्रयोगका मौलिक तरिकाका काठका भाँडा बनाउनमा व्यस्त रहन्थे। उतिबेला राउटेहरूलाई जीवन निर्वाह गर्न सहज थिएन। पुरुषहरू दिनमा जंगली कुकाठका सामग्री बनाइरहेका भेटिन्थे। काठबाट बनाइएका सामग्री नजिकका गाउँहरूमा गएर अन्न तथा तरकारीसँग साट्ने काममा व्यस्त हुनु राउटेको दैनिकी थियो। बिस्तारै आफ्ना सामग्री पैसासँग समेत साट्न सुरु गरेका राउटेहरू दिनभर काठका सामग्री बेचेर साँझ फर्किन्थे।

राउटेहरू अरूले पकाएको खानासमेत खान्थेनन्। पैसा छोए पाप लाग्छ भन्थे। दिउँसो जहाँ गएपनि साँझमा जसरी पनि घर पुग्थे। आफ्नै संस्कृतिमा रमाइरहेका राउटेलाई २०६५ सालमा बाबुराम भट्टराई नेतृत्वको सरकारले ५०० रूपैयाँ सामाजिक सुरक्षा भत्ता दिन सुरु गरेपछि यो समुदाय विकृतितर्फ धकेलिएको देखिन्छ।

त्यसैमा झन् विभिन्न एनजिओ आइएनजिओ तथा व्यक्तिको आर्थिक तथा सामग्री सहयोगले राउटेहरू बिग्रन थालेका हुन्। हाल पनि यो समुदायमा एनजिओ आइएनजिओहरूको रजगज छ। पछिल्लो समय यो समुदायमा बालबालिकादेखि वृद्धवृद्धासम्म बिहानैदेखि मदिराले लठ्ठ देखिन्छन्। मदिरा किनेर मात्रै खाँदैनन् कि उनीहरूले घरमै मदिरा उत्पादनसमेत गर्न थालेका छन्। जसले गर्दा अत्यधिक मदिरा सेवनकै कारण धेरैले ज्यान गुमाउन थालेपछि यो समुदाय सकिने क्रममा छ।

**राउटे नीति ड्राफ्टमै सीमित**

२०७८ मा प्रदेश सरकारले राउटेको उत्थानका लागि तयार पारेको राउटे नीति ड्राफ्टमै सीमित बनेको छ। अति लोपोन्मुख राउटे समुदायका प्रत्येक व्यक्तिको चेतनाको स्तर अभिवृद्धि गरी मौलिकता संरक्षण गर्दै राज्यको मूल प्रवाहीकरणमा सहभागी गराउनु नीतिको मूल उद्देश्य राखेको प्रदेश सरकारले बताउँदै आएको थियो। तर त्यसयता उक्त नीति निर्माणका लागि कुनै प्रयास भएको देखिँदैन।

कर्णाली प्रदेश सरकारले लोपोन्मुख राउटेलाई राज्यको मूल प्रवाहमा ल्याउन राउटे नीति बनाउने भनेको ४ वर्ष बित्यो। प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले ४ वर्षअघि अति लोपोन्मुख राउटे समुदायको मूल प्रवाहीकरण नीति २०७८ को मस्यौदा तयार पारेको थियो। नीति बनाउन मन्त्रालयले सामाजिक विकास समिति र प्रदेश योजना आयोग लगायतका सरोकारवाला निकायसँग छलफल समेत गर्‍यो। तर नीति निर्माणको कामले पूर्णता पाउन भने सकेको छैन।

स्थायी बसोबास गराउने, नागरिकताको प्रमाणपत्र प्रदान गर्ने, उनीहरूको भाषालाई लिपिबद्ध गर्दै संस्कृति संरक्षण गर्ने लगायतका विषयमा मस्यौदामा समावेश गरिएको थियो। मानव सभ्यताको इतिहास बोकेको राउटे समुदायको पहिचान, मौलिकता र मानव अधिकारको संरक्षण गरी समतामूलक समाज निर्माण गर्ने लक्ष्य राउटे नीतिको मस्यौदामा छ। सामाजिक विकास मन्त्रालयले तयार पारेको मस्यौदा उपर विज्ञको राय सुझावका लागि काठमाडौं विश्वविद्यालयमा पठाइएको थियो। तर मस्यौदाउपर राय सुझावपछि राउटे नीति निर्माण हुन सकेको छैन।

# नयाँ सहर आयोजनामा ढिलाइ नगर्न आग्रह

मिसन संवाददाता
*रुकुमपश्चिम, १६ वैशाख*

जिल्लाको चौरजहारीमा नयाँ सहर आयोजना अन्तर्गत भइरहेका कामहरू बारेमा अन्तरक्रिया गरिएको छ। आयोजना समन्वय कार्यालयका आयोजना निर्देशक मिलन आचार्य सहितको उपस्थितिमा सरोकारवालसँग अन्तरक्रिया गरिएको हो।

चौरजहारी नगर विकास समिति र नयाँ सहर आयोजना कार्यालयले अघि सारेका आयोजना र अबको प्राथमिकताका विषयमा साक्षात्कार गरिएको नगरपालिकका निमित्त प्रमुख प्रशासकीय अधिकृत शेरप्रसाद ढकालले जानकारी दिए। उनका अनुसार नयाँ सहर आयोजना अन्तर्गका योजनाहरूको भौतिक र वित्तीय प्रगति, नगर विकास समितिको प्राथमिकताका सन्दर्भमा प्रस्तुतीकरण समेत गरिएको थियो।

ढकालले नगर विकास समितिको काम, जग्गा एकीकरण आयोजना सम्पन्न गर्न गरेका कार्यहरू, समस्या र चौरजहारीलाई सुन्दर सहर बनाउन नगर विकास समितिको प्राथमिकताका विषयमा प्रस्तुतीकरण गरेका थिए। त्यसैगरी नयाँ सहर आयोजना कार्यालय चौरजहारीले सञ्चालन गरेको योजना, बजेट र प्रगतिका विषयमा नयाँ सहर आयोजना कार्यालय चौरजहारी प्रमुख गौरी पण्डितले प्रस्तुतीकरण गरे। कार्यक्रममा सहभागीहरूले घारीगाउँ जग्गा एकीकरण आयोजना सम्पन्न गर्न ढिलाइ भएको भन्दै यथाशीघ्र बाँकी काम सम्पन्न गर्न आग्रह गरेका थिए। पर्याप्त बजेट विनियोजन गरी नगर विकास समितिले प्राथमिकताका साथ अघि सारेका आयोजनालाई सम्पन्न गर्नुपर्नेमा सहभागीको जोड छ।

सहभागीहरूको जिज्ञासा र सुझावपछि कार्यक्रममा आयोजना निर्देशक मिलन आचार्यले नयाँ शहर आयोजना अन्तर्गतका योजना तथा कार्यक्रमले प्राथमिकता पाउने प्रतिबद्धता व्यक्त गरे। अधुरा आयोजनलाई सम्पन्न गर्ने पहिलो प्राथमिकतामा राखेको उनले बताए।


**त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लुहाम, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्विकृत गर्ने आशयको सुचना**

**प्रकाशित मिति : २०८२/०१/१७ गते**

यस त्रिवेणी गाउँपालिकाद्वारा मितिमा २०८१/११/२९ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार म्यादभित्र विधि सम्मत दर्ता भएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमका बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही रहेकोले सो बोलपत्र स्वीकृतीका लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैलाई जानकारीको लागि यो सुचना प्रकाशित गराइन्छ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलप्रत्रदाताको नाम र ठेगाना | कबुल गरेको रकम रु. (मु.अ.कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १ | 06/TRM/SLN/NCB/WORKS/081/82 | Construction of covered hall field | M/s Bhandari construction, Sharada-15, Salyan | १२,१७,१२५.९८ |

**प्रमुख प्रशासकीय अधिकृत**


# बाल स्वास्थ्य सूचकमा ताँजाकोट उत्कृष्ट

मिसन संवाददाता
*सिमकोट, १६ वैशाख*

जिल्लाको ताँजाकोट गाउँपालिका बाल स्वास्थ्य सूचकहरूमा कर्णाली प्रदेशका स्थानीय तहरूमध्ये उत्कृष्ट पालिका बनेको छ।

बाल स्वास्थ्य सूचकहरूका क्षेत्रमा राम्रो कार्यसम्पदान गरेको कारण उत्कृष्ट अङ्कसहित पहिलो भएको हो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको परिवार कल्याण महाशाखाले गत आर्थिक वर्षमा बाल स्वास्थ्यको लागि सफल राष्ट्रिय कार्यक्रम नवजात शिशु तथा बालरोगको अवस्थाका बारेमा गरेको तुलनात्मक अध्ययनबाट कर्णालीका ७९ वटा स्थानीय तहमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने ताँजाकोट गाउँपालिकालाई सम्मान गरिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय परिवार कल्याण महाशाखाका डा.रितेश अधिकारीका अनुसार ताँजाकोट गााउँपालिकाले १०८ शमलव २२ अङ्क प्राप्त गरेर कर्णालीकै उकृष्ट भएको हो।

महाशाखाले ५ वर्षमुनिका बालबालिकाहरूलाई झाडा पखालाको उपचार, जिङ्क र ओअरएको प्रयोग र निमोनियाको उपचारमा एन्टिबायोटिकको प्रयोगसम्बन्धी तथ्याङ्कहरूको तुलनात्मक अध्ययन गरिएको थियो।

महाशाखाले कार्यक्रमको आई.एम.एन.सि.आई. रजत जयन्ती २०८२ को अवसरमा पालिकालाई सम्मान गरेको हो।

ताँजाकोट गाउँपालिका स्वास्थ्य शाखाका संयोजक धनराज ढकालले विगतका दिनहरूमा पालिकाले गरेको बाल स्वास्थ्यसम्बन्धी कार्यक्रम सरकारले तोकेको समयमा सम्पन्न गरेकोले उत्कृष्ट घोषणा भएको बताए। तोकिए बमोजिमको बाल स्वास्थ्यका सूचकहरूमा सबै चरणहरू पूरा गरेपछि उत्कृष्ट पालिका बनेको हो।

गाउँपालिकाको स्वास्थ्य शाखालाई स्वास्थ्य मन्त्रालयले कदरपत्रसहित पुरस्कार प्रदान गरेको छ।

पालिकामा भएका बालबालिकाहरूको बाल स्वास्थ्यका लागि बालबालिका निरोगी हुनुमात्र नभई शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक रूपमा तन्दुरुस्त अवस्था गर्न आफू मात्रै नभई स्वास्थ्य संस्थामा कार्यरत सबैको भूमिका उत्तिकै रहने ढकालले बताए।


**Rapti Sonari Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Abaiya, Banke**
**Lumbini Province, Nepal**

**Invitation for Bids for the following works**

**Date of Publication: 2082/01/16**

1. Office of Rapti Sonari Rural Municipiality, Banke invites bids from Nepalese eligible bidders for the procurement of Follwing Work.

| S. N. | Contract ID Number | Description of Works | Estimated Amount, NRS (Excluding VAT, Contingency and PS) | Bid Security (NRs) | Feefor Bidding document (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | RSRM/WORKS/ 081-82/25 | Tinko Chhano Bhaeko Samudayik Bidhyalayama Shauchalaya Nirman Tatha Khanepani Bebasthapan Karyakram | 12,66374.04 | 38000 | 1000 | (SQ Hardcopy) |

2. Bid mut be submitted to the office by electronic bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 12:00 PM on 2082/01/30 SQ. Bid shall be opened on the same date at 12:30 PM. Eligible bidders may obtain further information from Rapti Sonari RM office and email: raptisonarimun@gmail.com
3. Bid Validity period is 45 days from the date of bid opening and Bid security validity period is 75 days from the date of bid opening for SQ.
4. Bidders should deposit the cost of bidding document in the project's account as specified below:

| Bank Name | Revenue Account | Dharauti Account |
|---|---|---|
| Himalayan Bank Limited, Rapti Sonari Branch | 05207540510024 (For Bid Fee) | 05207540510014 (For Bid Security) |

Note:
(As mentioned in clause 49ka of PPR 2064 clause 49ka, add more relevant information as per required)

**Chief Administrative Officer**

# कैलालीको धनगढीमा एक महिलामा हैजा पुष्टि

**शेरबहादुर ऐर**
*कैलाली, १६ वैशाख*

कैलालीको धनगढीमा एक जना बिरामीको परीक्षण गर्दा हैजा देखिएको छ। स्वास्थ्य कार्यालय कैलालीका अनुसार सेती प्रादेशिक अस्पतालमा उपचार गराउन पुगेकी धनगढी-२ बस्ने ४३ वर्षीया एक महिलामा हैजा पुष्टि भएको हो।

'सेती प्रादेशिक अस्पताल धनगढीमा भर्ना भएकी ४३ वर्षीय बिरामीमा हैजाको लक्षण देखिएपछि परीक्षण गर्दा हैजा रोगको जीवाणु पत्ता लागेको जानकारी गराउन चाहन्छौँ,' स्वास्थ्य कार्यालय कैलालीले भनेको छ। ती महिलामा २४ अप्रेल अर्थात् बिहीबार हैजा पुष्टि भएको थियो।

स्वास्थ्य कार्यालय कैलालीका प्रमुख रमेश कुँवरले महिलामा हैजाको लक्षणहरू देखिएपछि परिक्षण गर्दा हैजा पुष्टि भएको र उनलाई सघन उपचार कक्षमा राखी उपचार भएको बताए। उनले ती महिलाका अन्य परिवारमा परीक्षण गर्दा हैजा नदेखिएको बताए।

स्वास्थ्य कार्यालयले धनगढीका सबैलाई सतर्क रहन र हैजासम्बन्धी कुनै पनि लक्षण देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्न अनुरोध गरेको छ। कुँवरले हाल झाडापखालाका बिरामीको संख्या बढिरहेको अवस्थामा बिरामीलाई विभिन्न किसिमको सङ्क्रमण हुने भए पनि हैजाले सबैभन्दा छिटो र बढी असर गर्ने बताए।


**के हो हैजा ?**

हैजा अर्थात् कोलेरा भिब्रिओ कोलरी नामक जीवाणुको सङ्क्रमणका कारण हुन्छ। सामान्यतया झाडापखालाजस्तो देखिने यो रोग केही गम्भीर प्रकृतिको हुने चिकित्सकहरू बताउँछन्। सङ्क्रमणको असर देखिन थालेपछि तत्काल उपचार नभएको खण्डमा बिरामीको मृत्युसमेत हुन सक्ने कुँवरको भनाइ छ। उनका अनुसार उक्त जीवाणुको सङ्क्रमण भएको केही घण्टादेखि पाँच दिनभित्र यसका लक्षणहरू देखिन्छन्।

**हैजाका लक्षणहरू के–के हुन् ?**

हैजा भएका मानिसहरूलाई निरन्तर दिसा लाग्छ। उनीहरूको दिसा अधिक पातलो हुने बताइन्छ। 'चामलको चौलानीजस्तो तरल पदार्थ मानिसको शरीरबाट निरन्तर बगिरहन्छ। त्यसो हुँदा बिरामीको शरीरलाई आवश्यक तत्वहरू पनि बग्छन्,' कुँवर भन्छन्।

त्यस्तै पटकपटक बान्ता आउने, पेट वा



खुट्टाको मांसपेशी बाउँडिनेजस्ता समस्याहरू अधिकांश बिरामीमा देखिने उनले बताए। अधिक तरल पदार्थ खेर जाने भएकाले बिरामीलाई धेरै तिर्खासमेत लाग्ने उनले बताए। त्यस्तै बिरामीहरूमा अधिक थकान र बेचैनी हुने उनको भनाइ छ।

केही मानिसमा हैजाको लक्षण नदेखिए पनि सङ्क्रमण भएको हुनसक्छ र उनीहरूको दिसामार्फत लगातार केही दिनसम्म हैजाको जीवाणु बाहिर निस्कन्छ। 'ती व्यक्तिले सरसफाइमा ध्यान दिएनन् भने उनीहरूमार्फत हैजा अन्य मानिसहरूमा पनि फैलिन्छ,' कुँवरले भने। अधिक कमजोरीका कारण केही मानिसहरू बेहोस नै हुनसक्ने उनले बताए।

**कति घातक ?**

हैजाको कारण सङ्क्रमितलाई पीडा नहुने भए पनि यसको सङ्क्रमण जोखिमपूर्ण भएको प्रमुख कुँवरको भनाइ छ। उनका अनुसार अन्तर्राष्ट्रिय रूपमै हैजाका १० जना बिरामीमध्ये एक जनालाई कडा किसिमको सङ्क्रमण हुने तथ्यांक छ।

स्वास्थ्य कार्यालय प्रमुख कुँवर भन्छन्, 'कडा किसिमको रोग लागेका व्यक्तिले समयमै उपचार नपाएको अवस्थामा मृत्युको जोखिम उच्च हुन्छ।' उपचार अभावमा मानिसको मृत्यु हुने सम्भावना ५० प्रतिशतसम्म रहने बताइन्छ।

वर्षा याम लागेपछि नेपालका विभिन्न क्षेत्रमा हैजाका बिरामीहरू बर्सेनि देखिने गर्छन्। तीमध्ये केहीको मृत्युसमेत हुने विवरणहरू सार्वजनिक भएका छन्। उनीहरूको मृत्युको प्रमुख कारण देशको भौगोलिक विकटता र विकट क्षेत्रका मानिसहरूले भोग्नु पर्ने उपचार अभाव भएको कुँवर बताउँछन्।

बिरामीले झाडापखालालाई सामान्य ठानेर घरमै उपचार विधि नअपनाउँदा समस्या जटिल बन्न सक्ने उनले बताए।

**कसरी लाग्छ हैजा ?**

पिउने पानी र खानेकुरा नै हैजाको प्रमुख कारण मानिन्छ। व्यक्तिगत वा वरपरको सरसफाइमा ध्यान नदिनु र लक्षण नदेखिएका सङ्क्रमितसँग सम्पर्कमा आउनुले समेत मानिसमा यो रोग सार्ने उनको बुझाइ छ।

'यदि कैलालीमा उपचाररत बिरामीहरूलाई हैजा नै भएको रहेछ भने यो बिस्तारै फैलँदै छ। किनकि त्यहीँ पानी वा खाद्यान्न अरूले पनि खाएका छन्,' प्रमुख कुँवरले भने।

**उपचारका उपाय कस्ता ?**

हैजाको जीवाणु फैलिनुअघि नै यसविरुद्ध खोप लगाउनु उपयुक्त उपाय हुने कुँवर बताउँछन्। उनले विशेषगरी विकट क्षेत्रका मानिसहरूसम्म त्यस्ता खोप पुर्‍याउनु अत्यावश्यक देखेका छन्। 'जहाँ स्वास्थ्य सेवा प्रभावकारी छैन, त्यहाँ रोग लाग्नै नदिनु उचित हुन्छ,' उनले भने।

हैजा भइसकेको अवस्थामा पुनर्जलीय झोल अर्थात् जीवनजललाई प्राथमिक उपचार उपाय मानिन्छ। त्यसबाहेक जटिल अवस्थामा रहेका बिरामीलाई नसामार्फत सलाइन दिइने कुँवरले बताए। कुनै अवस्थामा बिरामीको शरीरमा रोगको अवधि कम गर्नका निम्ति एन्टिबायोटिक प्रयोग गरिने उनको भनाइ छ। 'त्यसबाहेक स्वच्छ पानी पिउनु र सरसफाइमा ध्यान दिनु नै विकल्प हो' उनले भने।अनुसन्धानकर्ताहरूका अनुसार विश्वभरि बर्सेनि १३ लाखदेखि ४० लाख मानिसलाई हैजा हुन्छ र २१,००० देखि १,४३,००० मानिसको मृत्यु हुने आकलन गरिएको छ।

# उपेक्षित प्रदेशको विकासमा सरकारले प्राथमिकता दिनुपर्छः प्रचण्ड

**मिसन संवाददाता**
*धनगढी, १६ वैशाख*

नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले उपेक्षित प्रदेशको विकासमा वर्तमान सरकारले प्राथमिकतामा राख्नुपर्ने बताएका छन्।

मंगलबार धनगढीमा पार्टीले आयोजना गरेको संवाद कार्यक्रममा बोल्दै प्रचण्डले सुदूरपश्चिम र कर्णाली प्रदेश राजसंस्थादेखि हालसम्म हरेक सूचांकमा पछि परेको प्रदेश रहेको बताउँदै भने, 'वर्तमान सरकारले उपेक्षित प्रदेशको विकास नभएसम्म राष्ट्रलाई समृद्धितर्फ अघि बढाउन सकिँदैन्।'

उनले सुदूरपश्चिम र कर्णाली प्रदेशमा शिक्षा, स्वास्थ्य, पर्यटन, रोजगारी सृजना गर्ने लगायतका गतिविधिमा सरकारले जोड दिनुपर्ने बताए। उनले शहिद दशरथ चन्द विश्वविद्यालय सञ्चालनमा ल्याउन नदिन केही तत्वहरू लागेको बताए।

उनले भने, 'नेपालमा पहिलोपटक शहिद दशरथ चन्द विश्वविद्यालय सञ्चालनमा ल्याउन विधेयक सदनमा लगियो। यो अहिले कता-कता रोक्ने कोसिस भएको छ। यो कुरा अघि बढेको छ। यो रोक्नु भनेको सुदूरपश्चिमको उपेक्षा गरेको मानिने छ।'

उनले आफ्नो नेतृत्वको सरकारले सुदूरपश्चिमको विकासमा जोड दिएको स्मरण गराउँदै भने, 'कञ्चनपुरको पुनर्वासमा प्राविधिक क्याम्पस, सुक्खा बन्दरगाह, हरैयामा औद्योगिक क्षेत्र घोषणा भएको, चमेलिया जलविद्युत् आयोजना लगायत थुप्रै कुरा मेरो नेतृत्वको सरकारले अघि बढाएको थियो।'

उनले पर्यटन विकासका लागि विशेष जोड दिन जरुरी रहेको बताए। उनले भने, 'उद्योग स्थापना, पर्यटन, कृषि लगायतका दृष्टिकोणबाट हेर्दा पनि मेरो नेतृत्वको सरकारले यो प्रदेशको विकासका लागि काम भएका छन्। मेरो अनुरोध के छ भने राम्रो गर्ने पनि उस्तै, नराम्रो गर्ने पनि उस्तै हो भन्ने जस्ता गलत भाष्य प्रयोग भइरहेको छ।' उनले सामाजिक सञ्जालमा अहिले गणतन्त्र विरोधीहरूले गणतन्त्रलाई कमजोर बनाउने कार्य भइरहेको बताए। उनले भने, 'सत्तापक्षमा बसुँ वा प्रतिपक्षीमा बसुँ मेरो ध्यान सुदूरपश्चिम प्रदेशको समग्र विकासमा नै हुनेछ।'

सोमबार कैलालीको टिकापुरमा पुगेका प्रचण्डले हुलाकी सडकमा मर्निङ वाक गरे भने हुलाकी सडकमा जोडिएका स्थानीय तहहरूमा पुगेर शहिद परिवारलाई सम्मान गर्नुका साथै उनीहरूको अवस्थाबारे जानकारी लिएका थिए। सो अवसरमा प्रचण्डले भने, 'शहिद परिवारका वर्तमान अवस्था, उनीहरूका समस्या, गुनासो सुन्न झापादेखि अभियान सुरु गरेका हौं।'


बारबर्दिया नगरपालिका
BARBARDIYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
जयनगर, बर्दिया
JAYANAGAR, BARDIYA
लुम्बिनी प्रदेश, नेपाल
LUMBINI PROVINCE, NEPAL

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति : २०८२/०१/१५ गते**

यस कार्यालयबाट चालु आ.व. मा प्रकाशित सूचना अनुसारको तपशिलमा कार्यमा तपशिलकबा बोलपत्रदाताको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राी भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कार्य | स्वीृत बोपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क भ्याट र PS item समेत |
|---|---|---|---|---|
| १. | 29/BMO/NCB/W/2081/082 | शबदाह स्थलमा टहरो निर्माण (लठ्ठहवाघाट, कतर्निया र बबई पुल | जयगुरुदेव कन्स्ट्रक्शन, बारबर्दिया-९, बर्दिया | 24,15,113/- |

**प्रमुख प्रशासकीय अधिकृत**


# सुदूरपश्चिमका ६ जना एसपीको सरुवा

**मिसन संवाददाता**
*सुदूरपश्चिम, १६ वैशाख*

नेपाल प्रहरीका ६३ जना प्रहरी उपरीक्षक (एसपी)को सरुवा भएको छ। प्रहरी महानिरीक्षकको सोमबारको बैठकले ६३ जना एसपीको सरुवा गरेको हो।

सोही क्रममा सुदूरपश्चिममा कार्यरत छ जना एसपीको पनि सरुवा भएको छ। कैलाली र कञ्चनपुर जिल्लामा नयाँ प्रहरी प्रमुख आउने भएका छन्।

जिल्ला प्रहरी कार्यालय कैलालीमा कार्यरत एसपी पदमबहादुर बिष्टको काठमाडौँ उपत्यका प्रहरी कार्यालयमा सरुवा भएको छ। उनको स्थानमा बालनरसिंह राणा आउने भएका छन्। उनी नेपाल प्रहरी प्रदेश कार्यालय अपराध अनुसन्धान शाखा काभ्रेबाट कैलाली सरुवा भएका हुन्।

नेपाल प्रहरी विशेष सुरक्षा गण कञ्चनपुरमा कार्यरत खडकबहादुर खत्रीको जिल्ला प्रहरी कार्यालय कञ्चनपुर सरुवा भएको छ। उनको स्थानमा नेपाल प्रहरी प्रदेश कार्यालय विरगञ्जबाट रामप्रकाश शाह आउने भएका छन्। जिल्ला प्रहरी कार्यालय कञ्चनपुका एसपी चक्रराज जोशीको भने जिल्ला प्रहरी परिसर ललितपुरमा सरुवा भएको छ। सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय मानवस्रोत व्यवस्थापन महाशाखामा कार्यरत एसपी नविनकृष्ण भण्डारीको गण्डकी प्रदेश प्रहरी गण कास्की सरुवा भएको छ। उनको स्थानमा ऋषिराम कँडेलको सरुवा भएकोमा उनलाई काजमा प्रहरी प्रधान कार्यालयमा पठाइएको छ।

नेपाल प्रहरी प्रदेश कार्यालय अपराध अनुसन्धान शाखा कञ्चनपुरमा कार्यरत एसपी प्रेमबहादुर शाहीको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय अत्तरिया सरुवा भएको छ। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय अत्तरियाका एसपी राजिवबहादुर बस्नेतको राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा सरुवा भएको छ।

# भर्नासँगै पाठ्यपुस्तक वितरण सुरु

**बाजुरा।** बाजुराको बडीमालिका नगरपालिका वडा नम्बर ३ रजालीस्थित चोयाकोट माध्यमिक विद्यालयले विद्यार्थी भर्नासँगै पाठ्यपुस्तक वितरण कार्य सुरु गरेको छ।

मंगलवार विद्यालयले एक सूचना जारी गर्दै मंगलवारबाट नियमित विद्यार्थी भर्ना र पाठ्यपुस्तक वितरण सुरु गरेको जनाएको हो।

विद्यालय व्यवस्थापन समिति, निजी शिक्षक तथा शिक्षक अभिभावक संघको संयुक्त साझेदारीमा विद्यार्थी भर्ना र पाठ्यपुस्तक वितरण सुरु गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णबहादुर खड्काले बताए।

उनले नेपाल शिक्षक महासंघको नेतृत्वमा विद्यालय शिक्षा ऐन जारीको माग सहितको आन्दोलनको समर्थन जनाउँदै विद्यार्थीको समस्या र अभिभावकको चाहना बमोजिम भर्नासम्बन्धी समस्यालाई ख्याल गरी सो कार्य सुरु गरिएको बताए।


Rapti Sonari Rural Municipality
Office Of The Rural Municipal Executive
Abaiya, Banke
Lumbini Province, Nepal

**Invitation for Bids for the following works**

**Date of Publication: 2082/01/15**

1. Office of Rapti Sonari Rural Municipiality, Banke invites bids from Nepalese eligible bidders for the procurement of Follwing Work.

| S. N. | Contract ID Number | Description of Works | Estimated Amount, NRS (Excluding VAT, Contingency and PS) | Bid Security (NRs) | Feefor Bidding document (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | RSRM/WORKS/081-82/22 | Construction of Boundary Wall in 15 Bed Hospital, Rapti Sonari-04, Banke | 2753864.41 | 82000 | 3000 | (NCB e-Bid) |
| 2. | RSRM/WORKS/081-82-23 | Maintenance of Shabha Hall Sound System & Fencing Works, Rapti Sonari-02, Banke | 2462438.89 | 73000 | 3000 | (NCB e-Bid) |
| 3. | RSRM/WORKS/081-82/24 | Tinko Pata Bhayeko Bidhyalaya Gypsum Prayog, ?Sauchalaya Tatha Khanepani Bebasthapan Karyakaram, Rapti Soonar Banke. | 12880341.93 | 380000 | 3000 | (NCB e-Bid) |
| 4. | RSRM/GOODS/081-82/07 | Supply and Delivery of Agricultural Euipments and Machinery Items at Rapti Sonari Rural Municipality | 5510500.49 | 161000 | 3000 | (NCB e-Bid) |

2. Bid mut be submitted to the office by electronic bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 12:00 PM on 2082/02/14 NCB. Bid shall be opened on the same date at 12:30 PM. Eligible bidders may obtain further information from Rapti Sonari RM office and email: raptisonarimun@gmail.com
3. Bid Validity period is 90 days from the date of bid opening and Bid security validity period is 120 days from the date of bid opening for NCB.
4. Bidders should deposit the cost of bidding document in the project's account as specified below:

| Bank Name | Revenue Account | Dharauti Account |
|---|---|---|
| Himalayan Bank Limited, Rapti Sonari Branch | 05207540510024 (For Bid Fee) | 05207540510014 (For Bid Security) |

**Chief Administrative Officer**

# सर्लाही भन्सारमा लक्ष्यभन्दा कम राजस्व संकलन

**मिसन संवाददाता**
*सर्लाही, १६ वैशाख*

जिल्ला भन्सार कार्यालयले चालू आर्थिक वर्षको चैतसम्म ४१ करोड बढी राजस्व संकलन गरेको छ। आर्थिक वर्ष २०८१/८२ को चैतसम्म कुल रु ४१ करोड ७४ लाख ३३ हजार ४३३ राजस्व संकलन भएको प्रमुख भन्सार अधिकृत ठाकुर आचार्यले जानकारी दिए। यस आवको नौ महिनामा चार महिनामात्र भन्सार कार्यालयले लक्ष्यअनुसार राजस्व संकलन गरेको छ। पाँच महिना लक्ष्यभन्दा कम राजस्व संकलन भएको उनले बताए।

भन्सारबाट हाल संकलन भएको राजस्व लक्ष्यको ९५.०४ प्रतिशतमात्र हो। आवको सुरु महिना साउनमा लक्ष्यको १११.०८ प्रतिशत अर्थात् रु चार करोड ९४ लाख ४१ हजार ५५५ संकलन भएको थियो। दोस्रो महिना भदौमा लक्ष्यको अत्यधिक कम ४३.७१ प्रतिशत अर्थात् रु दुई करोड १३ लाख ७५ हजार ६३८ मात्र राजस्व संकलन भएको तथ्याङ्कमा उल्लेख छ।

यस्तै असोजमा लक्ष्यको ६७.२२ प्रतिशत अर्थात् रु दुई करोड ८० लाख ५३ हजार ८४५ राजस्व संकलन भएको छभने कात्तिकमा ९०.९३ प्रतिशत रु चार करोड १८ लाख १७ हजार ६३१, मंसिरमा १२४.३१ प्रतिशत रु छ करोड ७२ लाख ४९ हजार २९४, पुसमा अहिलेसम्मकै धेरै १२७.३७ प्रतिशत अर्थात् रु छ करोड ७९ लाख नौ हजार ६०१ संकलन भएको कार्यालयले जनाएको छ।

कार्यालयको तथ्याङ्कानुसार माघमा लक्ष्यको ११७.७५ प्रतिशत अर्थात् रु पाँच करोड ९३ लाख ४६ हजार ८२८, फागुनमा ९२.५८ प्रतिशत अर्थात् रु चार करोड ९३ लाख २९ हजार र चैतमा लक्ष्यको ७१.७८ प्रतिशत अर्थात् रु तीन करोड ६५ लाख ७१ हजार ५१० राजस्व संकलन भएको कार्यालयका सूचना अधिकारी एवम् भन्सार अधिकृत डम्बरबहादुर बस्नेतले जानकारी दिए।

यस वर्ष तरकारी आयात गत वर्षको भन्दा कम भएकाले राजस्व संकलन लक्ष्यअनुसार हुन नसकेको उनले बताए। यस भन्सार कार्यालयबाट प्लाइ निर्यात हुने गरेको छ भने प्लाइ उद्योगका लागि आवश्यक सामग्री, थोरै मात्रामा धान, तरकारीलगायत सामान आयात हुँदै आएको छ।

# घौंगीपालनबाट डेढ लाख आम्दानी

**मिसन संवाददाता**
*कञ्चनपुर, १६ वैशाख*



शुक्लाफाँटा नगरपालिका-७ पिताम्बरका अनिता चौधरीले माछा पोखरीमा व्यावसायिक रूपमा घौंगीपालन गरेकी छिन्। माछासँगै उनले पोखरीमा घौंगीपालन गरेकी हुन्। छ महिनामा उनले घौंगीपालनबाट रु एक लाख ५० हजार आम्दानी भएको जानकारी दिइन्। वर्षमा दुईपटक पोखरीमा उत्पादन भएका घौंगी बिक्री हुने चौधरीले बताइन्।

'माछाका भुरा हालिएको पोखरीमा सुरुमा एक/दुई किलो घौंगी राख्ने गरेका छौं,' उनले भनिन्, 'माछालाई जस्तै घौंगीलाई पनि दाना हाल्ने गरेका छौं।' 'दाना हाल्ने गरेपछि घौंगी निकै फस्टाउने गरेका छन्। चैतमा पोखरी सुकाएपछि घौंगी बेच्नका लागि तयार हुन्छ। त्यसअघि पनि घौंगी बिक्री हुने गरेको छ,' चौधरीले भनिन्। उनका अनुसार यस वर्षको छ महिनामा १२ क्विन्टल ५० किलो घौंगी प्रतिकिलो रु एक सयदेखि रु एक सय २० का दरले बिक्री भएको छ।

पोखरीबाटै केही घौंगी स्थानीयले खरिद गरेर लैजाने गरेका छन्। 'धनगढी, महेन्द्रनगरलगायत बजारमा मौलिक थारू समुदायको परिकार पस्कने होटलमा घौंगीको माग बढी छ,' चौधरीले भनिन्, 'माग अनुसार उत्पादन गर्न सकेका छैनौं, जति उत्पादन गरेपनि सहजै बिक्री हुन्छ।' घौंगी बेचेर आएको रकमबाट घरखर्च सहज रूपमा चल्ने गरेको उनले बताइन्।

तीन वर्षदेखि तीन ठूला र एक सानो पोखरीमा माछासँगै घौंगीपालन गर्दै आइएको चौधरीले जानकारी दिइन्। गत वर्ष रु ९० हजार जतिको मात्रै घौंगी उत्पादन भएकामा यस वर्ष दोब्बर बढी उत्पादन भएको उनले बताइन्। घौंगीसँगै पोखरीमा माछापालन गरी चौधरीले वर्षमा रु १० लाख बढी आम्दानी गर्दै आएको जानकारी दिइन्।

पहिले थारू समुदायको मौलिक परिकारका रूपमा मात्रै घौंगी पकाउने गरिन्थ्यो। हाल व्यापारिक मेला, होटेलमा नयाँनयाँ परिकारको माग आउन गनलेपछि सबै समुदायको रोजाइमा घौंगीका परिकार पर्ने गरेका छन्। एक अध्ययन अनुसार घौंगी खाँदा डिप्रेसन कम हुने र मस्तिष्कको विकासमा मद्दत पुग्ने गर्दछ।

घौंगीको सेवनबाट हड्डी बलियो बनाउने कार्यसँगै प्रजनन क्षमता बढाउनुका साथै यसमा ओमेगा फ्याट्री एसिड, क्याल्सियम, जिङ्क, पोटासियम, सोडियकलगायत पोषकतत्व पाइने भएकाले रक्तचाप नियन्त्रण गर्न मद्दत पुग्ने चिकित्सक बताउँछन्।

कोलेस्ट्रोर कम हुने भएकाले मुटु र मिर्गौलाका लागि घौंगीका परिकार फाइदाजनक हुने चौधरीले बताइन्। 'काँचो घौंगी खाँदा टाउको, घाँटी दुख्ने कार्यसँगै केहीलाई एलर्जिको समस्या भने देखिन्छ। पहिले पानी जमेका धान खेत, पानीले भरिएका खाल्डाखुल्टी, तलाउमा थारू समुदायका महिलाले घौंगी सङ्कलन गरी परिकार बनाएर साँझ, बिहानको खानामा पस्कने गर्दथे,' उनले भनिन्।

हाल माछासँगै पोखरीमा घौंगीपालनको कार्य हुन थालेपछि खोज्नका लागि अन्य क्षेत्र पुग्नुपर्ने झन्झट हटेर गएको चौधरीले बताइन्। उनका अनुसार परापूर्वकालदेखि थारू समुदायको मुख्य खान्कीका रूपमा अरू परिकार झैं घौंगी पनि पर्दछ।

# टिसिएल नेपालद्वारा इन्भर्टर एसी कम्प्रेसरमा १० वर्षको वारेन्टी घोषणा




**मिसन संवाददाता**
*काठमाडौं, १६ वैशाख*

टिसिएल नेपालको एयर कन्डिसनिङ बजारमा नयाँ मापदण्ड स्थापना गर्दै नयाँ इन्भर्टर एसी सिरिजमा १० वर्षको कम्प्रेसर वारेन्टी घोषणा गरेको छ। नवीनतम् प्रविधिमा आधारित विश्व प्रसिद्ध उपभोक्ता इलेक्ट्रोनिक्स ब्रान्ड टिसिएल नेपालका नयाँ इन्भर्टर एसी सिरिजमा १० वर्षको कम्प्रेसर वारेन्टी घोषणा गरेको हो।

यस नयाँ पहलले टिसिएल उत्पादनको दिगोपनमा रहेको विश्वास र नेपाली उपभोक्तालाई दीर्घकालीन मूल्य प्रदान गर्ने प्रतिबद्धतालाई झल्काउने कम्पनीले जनाएको छ। यसका मुख्य विशेषताका रूपमा अझ प्रभावकारी ऊर्जा वचत अन्तर्गत स्मार्ट इन्भर्टरमा ७० प्रतिशतसम्म ऊर्जा बचत र जेन मोडको सुविधा रहेको छ। उत्कृष्ट आराम र स्वास्थ्य अन्तर्गत द्रुतकूलिङ र हिटिङ, स्मार्ट एयर फ्लो र गोल्डेन फिनको सुविधा रहेको छ। यसैगरी सजिलो प्रयोगको लागि स्मार्ट एप कन्ट्रोल, नयाँ इन्भर्टर एसी मोडेलहरूको सुविधा रहेको छ। टिसिएल नेपालको नयाँ इन्भर्टर एसी सिरिज विशेषगरी नेपालको भौगोलिक र जलवायु अवस्थालाई मध्यनजर गरेर निर्माण गरिएको हो। बारम्बार हुने भोल्टेजको उतारचढाव, तातो गर्मी र चिसो जाडोको प्रभावलाई नियन्त्रण गर्न यी एसीहरूमा आधुनिक भोल्टेज स्टेबिलाइजेसन सुविधा उपलब्ध रहेको छ। ऊर्जाको कुशल डिजाइनले बिजुली खर्च घटाउनुका साथै वातावरणमैत्री समाधान पनि प्रदान गर्ने टिसिएल नेपालले जनाएको छ।

त्यसले टिकाउपनमा उत्कृष्ट, टिसिएल एसीहरूले वर्षभरी भरपर्दो आराम सुनिश्चित गर्ने दाबी गरिएको छ। टिसिएल एक विश्वव्यापी प्रविधि कम्पनी हो, जसले टेलिभिजन, वाशिङ मेसिन, रेफ्रिजरेटर, एयर कन्डिसनर र वाटर डिस्पेन्सर जस्ता उपभोक्ता इलेक्ट्रोनिक्स उत्पादनहरू उपलब्ध गराउँदै आएको छ। नवीनता र गुणस्तरमा विश्वास राख्ने टिसिएलले मानिसको जीवनशैलीमा सुधार ल्याउने लक्ष्य लिएको छ।

# 'बजाज ग्रान्ड कार्निभल' आयोजना हुँदै

**मिसन संवाददाता**
*बाँके, १६ वैशाख*



बजाज मोटरसाइकलको आधिकारिक बिक्रेता हंसराज हुलासचन्द एण्ड कम्पनी प्रा.लि.ले 'बजाज ग्रान्ड कार्निभल' योजना ल्याएको छ।

कम्पनीले वैशाख १६ गतेदेखि २१ गतेसम्म भृकुटीमण्डपमा आयोजना हुन लागेको 'बजाज ग्रान्ड कार्निभल' मार्फत ग्राहकहरूले २० भन्दा बढी भ्यालुएटर्सहरूबाट ग्यारेन्टीका साथ उच्चतम भ्यालुएसन, अन द स्पट फाइनान्स तथा निःशुल्क एसोसेरिज पाउने कम्पनीले जनाएको छ।

साथै यसअघि मोटरसाइकल खरिद गर्दा हुने झन्झटिलो प्रक्रिया जस्तै घर जग्गाको लालपूर्जा, पानी वा बिजुलीको बील, आफ्नो आय स्रोतको सर्टिफिकेट लगायतका विभिन्न कागजात आवश्यकतालाई यो योजनाले सरल बनाउनेछ।

किस्ताबन्दीमा किन्न चाहने ग्राहकले १ घण्टाभित्रै ऋण पास गरेर ९.९९ प्रतिशत सुलभ ब्याजदरमै सरल फाइनान्समार्फत यो सुविधा पाउन सक्ने जनाइएको छ। साथै, बजाज ग्रान्ड कार्निभल वैशाख १६ गतेदेखि वैशाख २१ गतेसम्म भृकुटीमण्डपमा चल्नेछ भने ग्राहकहरूको लागि गेम जोन, टेस्ट राइड पनि रहेको छ।

काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुन लागेको बजाज ग्रान्ड कार्निभल नेपालको वृहत मोटरसाइकल एक्सचेन्ज योजना रहेको कम्पनीको भनाइ छ।

यस योजना अन्तर्गत ग्राहकहरूले बजाजका मोटरसाइकलहरू ग्राहकहरूलाई आफ्ना पुराना बाइकहरूको उच्चतम मूल्यांकन प्राप्त गरेर बजाजका आकर्षक नयाँ मोडेलहरू लैजाने अवसर प्रदान गर्दछ।


## सुनिलस्मृति गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

**बोलपत्र/शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः२०८२/०१/१७ गते**

यस कार्यालयबाट मिति २०८१/१२/०६ र २०८१/१२/२४ गते पहिलो पटक प्रकाशित सूचना अनुसार तोकिएको म्यादभित्र पेश हुन आएका बोलपत्रहरु र सिलबन्दी दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताहरुको बोलपत्रहरु/सिलबन्दी दरभाउपत्रहरु न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७(१) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नं | खरिद सम्बन्धी विवरण | छनौट भएको बोलपत्रदाताकोनाम र ठेगाना | कबोल अंक PS र मु.अ.कर बाहेक |
|---|---|---|---|---|
| १. | SSRM-ROL-W-NCB-14-2081/082 | CONSTRUCTION OF PHYSICAL INSFRASTRUCTURE AT LISNE TOURISM AREA, TEBANG (WARD NO.7) | MISHRAN ENGINEERING CONSULTANCY & CONSTRUCTION PVT. LTD, SUNILSMRITI RURAL MUNICIPALITY-08, ROLPA | ३७,३५,१९५.५०/- |
| २. | SSRM-ROL-W-NCB-15-2081/082 | BUILDING CONSTRUCTION OF JIWANODWAAR PRIMARY SCHOOL (WARD NO.5) | ISHWAR NIRMAN SEWA, SUNILSMRITI RURAL MUNICIPALITY-04, ROLPA | २०,२५,३२२.००/- |
| ३. | SSRM-ROL-G-SQ-19-2081/082 | PROCUREMENT AND SUPPLY OF MEDICINE AND SURGICAL ITEMS. | NAYAN MEDICO PHARMA, MADHYAPUR THIMI MUNICIPLITY-01, BHAKTAPUR | ७,३२,३०२.००/- |

प्रमुख प्रशासकीय अधिकृत



अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | DOUBLE DOOR | GODREJ | RT EON ALPHA 250BXP RI ST GL | 238 Ltr | INDIA | SET | NPR | 55,090/- | |

विक्रेता फर्मको नामः ई.ओ.एल. प्रा.लि.
ठेगानाः चौधरी हाउस, सानेपा, ललितपुर
स्थायी लेखा नं.: ३०३६६८८४४
फोन नं.: ५५२५०३९/०४१

अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (सिंगापुर) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WASHING MACHINE | FRONT LOADING | LG | F2721HVRB | 21/12 KG | VIETNAM | SET | NPR | 3,10,590/- | |

विक्रेता फर्मको नामः सि.जी. ईम्पेक्स प्रा.लि.
ठेगानाः चौधरी हाउस, सानेपा, ललितपुर
स्थायी लेखा नं.: ३०१६०९०३६
फोन नं.: ५५२५०३९/०४१

अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (सिंगापुर) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AIR CONDITIONER | CASSETTE | CG | CG18CC02 | 1.5 Ton | CHINA | SET | NPR | 1,69,990/- | |
| 2. | AIR CONDITIONER | CASSETTE | CG | CG24CC02 | 2 Ton | CHINA | SET | NPR | 2,13,990/- | |
| 3. | AIR CONDITIONER | FLOOR STANDING | CG | CG48FSAC02 | 4 Ton | CHINA | SET | NPR | 2,89,990/- | |
| 4. | AIR CONDITIONER | FLOOR STANDING | CG MERIDIA | CGM24FSACI | 2 Ton | CHINA | SET | NPR | 2,45,990/- | |

विक्रेता फर्मको नामः सि.जी. ईम्पेक्स प्रा.लि.
ठेगानाः चौधरी हाउस, सानेपा, ललितपुर
स्थायी लेखा नं.: ३०१६०९०३६
फोन नं.: ५५२५०३९/०४१



लाइफलाइन जनरल हस्पिटल
Mob:9829602188
डा. पारस श्रेष्ठ
एम.बी.बी.एस.एम.डी
कन्सल्टेन्ट फिजिसियन, मृगौला रोग विशेषज्ञ
अब डायलिसिस सेवा पनि
डा. क्रिस्टीन श्रेष्ठ
एम.बी.बी.एस.एम.डी.एफ.पी.सी.पी. कन्सल्टेन्ट फिजिसियन
विभागीय प्रमुख सुसील कोइराला प्रवर क्यान्सर अस्पताल

गणपति डेण्टल क्लिनिक
Mob:9742818406, 9808549451
डा. प्रतिक श्रेष्ठ
बि.डि.एस.(दिल्ली) मिति रेडियोलोजी लेजर एण्ड इम्प्लान्ट (अमेरिका)
डेण्टल सर्जन एण्ड इम्प्लाटोलोजिस्ट, गणपति डेण्टल क्लिनिक
Dental-Maxillofacial-Trauma, Fixed Orthodontic & Implant Center

नेपालगञ्ज उप-महानगरपालिका-१३ सदरलाईन, सरस्वती स्कुल सामुन्ने, बाँके, फोन नं. : ०८१-५३३०५८

# मैत्रीपूर्ण खेलका लागि प्रारम्भिक टोली घोषणा

मिसन संवाददाता
*काठमाडौं, १६ वैशाख*




जुन महिनाको पहिलो साता हङकङविरुद्धको मैत्रीपूर्ण खेल र एएफसी एसियन कप छनौटतर्फ लाओस विरुद्धको खेलका लागि नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीको प्रारम्भिक टोली घोषणा गरिएको छ।

मुख्य प्रशिक्षक म्याट रोसले सोमबार ३० सदस्यीय प्रारम्भिक टोली घोषणा गरेका हुन्। स्मरण रहोस, नेपालले जुन ५ तारीखका दिन हङकङसँग अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल म्याच खेल्दैछ भने १० जुनका लागि एसियन कप छनौटतर्फ लाओससँग अवे म्याच खेल्ने कार्यक्रम छ।

जसमध्ये गोलरक्षकहरूमा बिशाल सुनार,दिप कार्की र किरन चेम्जोङ रहेका छन्। अभिषेक लिम्बु, अमृत श्रेष्ठ, अनन्त तामाङ, अन्जन बिष्ट, अन्जल श्रेष्ठ, एरिक बिष्ट, आयुष घलान, बिमल पाण्डे, जिलेस्पी जंग कार्की र कृतिष रत्न छुन्जु रहेका छन्। यसैगरी, कुलदिप कार्की, कुशल देउवा, लाकेन लिम्बु, मणि कुमार लामा, मनिष डाँगी, निराजन धामी, रोहन कार्की, रोहित चन्द,सनिष श्रेष्ठ, सन्तोष खत्री, सृजनराज गौतम, सुदिप गुरुङ, सुमन श्रेष्ठ, सुमित श्रेष्ठ, सुरज जिउ ठकुरी, सुवास बम ठकुरी र योगेश गुरुङ रहेका छन्।

# एसियाली सिनियर करातेका लागि १२ खेलाडी छनोट

मिसन संवाददाता
*काठमाडौं, १६ वैशाख*




एकेएफ एसियाली सिनियर कराते च्याम्पियनसिपको २१ औं संस्करणका लागि नेपालबाट १२ खेलाडी छनोट भएका छन्। ७ पुरुष र ५ महिला गरी १२ खेलाडी छनोट भएको कराते प्रशिक्षक कुशल श्रेष्ठले जनाएका छन्। २० औं संस्करणमा ऐतिहासिक रजत पदक जितेकी कराते स्टार एरिका गुरुङसहित खेलाडीहरू छनोट भएका छन्। नेपाल कराते महासंघले सातदोबाटोस्थित कराते हलमा आइतबार आयोजना गरेको छनोट प्रतियोगिताबाट खेलाडी छनोट भएका हुन्। पुरुषको ५५ केजीमुनि साजन मोक्तान, ६० केजीमुनि मिनबहादुर तामाङ, ६७ केजीमुनि सन्तोष श्रेष्ठ, ७५ केजीमुनि शिबु ओड, ८४ केजीमुनि मोहम्मद शेखु आलम, ८४ केजीमाथि तेन्जिङ शेर्पा र एकल काताामा सोनिम मानन्धर छनोट भए।

यस्तै महिला एकल काताामा सानुमाया थिङ, ५० केजीमुनि अन्जली महर्जन, ५५ केजीमुनि सविना श्रेष्ठ, ६१ केजीमुनि निरूपमा तामाङ र ६८ केजीमाथि एरिका गुरुङ छानिए। एरिकाले गत वर्ष सेप्टेम्बरमा चीनमा भएको २०औं एसियाली कराते च्याम्पियनसिपमा रजत पदक जितेकी थिइन्। छनोट प्रतियोगितामा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताका स्वर्ण विजेता खेलाडीले सहभागिता जनाएको प्रशिक्षक श्रेष्ठले जानकारी गराए। एसियाली कराते उज्वेकिस्तानको तास्केन्टमा आगामी मे २३ देखि २५ तारिखसम्म हुनेछ।

# आजदेखि राष्ट्रिय हक्की प्रतियोगिता



मिसन संवाददाता,
*काठमाडौं, १६ वैशाख*

नेपाल हक्की संघको आयोजनामा राष्ट्रिय पुरुष तथा महिला हक्की प्रतियोगिता वैशाख १७ गतेदेखि हुने भएको छ। वैशाख १७ देखि २६ गतेसम्म राष्ट्रिय पुरुष हक्की तथा वैशाख १८ देखि २६ गतेसम्म राष्ट्रिय महिला हक्की प्रतियोगिता सुरु हुन लागेको हो।

आयोजक संघकी महासचिव सुवर्ण श्रेष्ठका अनुसार खेलहरू ललितपुरको च्यासल फुटबल मैदानमा हुनेछ। पुरुषमा आठ तथा महिलामा चार समूहले प्रतिस्पर्धा गर्नेछन्। पुरुषमा मधेस, कर्णाली, गण्डकी, कोशी र बागमती प्रदेश, नेपाल पुलिस क्लब, नेपाल आर्मी र एपीएफ क्लब सहभागी हुनेछन्।

एपीएफ हक्कीमा नयाँ समूह रहेको आयोजकले जनाएको छ। पुरुषमा सहभागीलाई दुई समूहमा विभाजन गरिएको छ। प्रतियोगिता लिग कम नकआउट आधारमा हुने महासचिव श्रेष्ठले जानकारी दिए।

महिलातर्फ गण्डकी, मधेस र बागमती प्रदेश तथा नेपाल आर्मीले राउन्ड रोबिन लिगका आधारमा प्रतिस्पर्धा गर्नेछन्। राउन्ड रोबिन लिगपछि शीर्ष दुई स्थानमा रहने समूहबीच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ। पुरुष तथा महिला दुवै प्रतियोगितामा शीर्ष तीन स्थान हात पार्ने समूहले क्रमशः रु ७५ हजार, रु ५० हजार र रु २५ हजार पुरस्कार प्राप्त गर्नेछन्।

विधागततर्फ उत्कृष्ट हुने खेलाडीलाई जनही रु पाँच हजार पुरस्कार प्रदान गरिने महासचिव श्रेष्ठले जानकारी दिए। प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई रु दुई हजारबाट पुरस्कृत गरिनेछ। राष्ट्रिय पुरुष हक्की प्रतियोगिता सञ्चालन गर्न करिब रु ३५ लाख र महिलाका लागि रु २५ लाख खर्च हुने आयोजकले जनाएको छ। रासस

# हेटौंडामा महिला राष्ट्रिय गोल्डकप फुटबल हुने




मिसन संवाददाता
*हेटौंडा, १६ वैशाख*

मकवानपुरको हेटौंडामा पहिलो पटक मकवानपुर महिला राष्ट्रिय गोल्डकप फुटबल प्रतियोगिता आयोजना हुने भएको छ।मकवानपुर जिल्ला फुटबल संघले नियमित गर्दै आएको स्थानीय तह सहिद स्मृति गोल्डकप अन्तर्गत सातौ चरणमा आईपुग्दा महिला गोल्डकपको आयोजना गर्न लागेको हो। मंगलबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गरि संघले बैशाख १९ गतेबाट प्रतियोगिताको आयोजना गर्न लागेको जनाएको छ।

प्रतियोगिताको तयारी पूरा भएको जनाउदै एन्फा केन्द्रीय सदस्य एवम मकवानपुर फुटबल संघका अध्यक्ष टिकाराम लामाले महिला गोल्डकपले देशभर महिला फुटबललाई उत्साह थप्ने विश्वास व्यक्त गरे।

हेटौंडा-६ स्थिर गौरीटार रंगशालामा सञ्चालन हुने प्रतियोगितामा ३ विभागीय टोली र ५ वटा जिल्ला क्लबकल सहभागि रहने संघका मकवानपुर महासचिव छवि सुवेदीले बताए। प्रतियोगितामा एपीएफ, नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी फुटबल क्लब, आयोजक मकवानपुर, चितवन, सर्लाही, रौतहट र बाराले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिताको विजेताले ५ लाख र दोस्रो टोलीले ३ लाख रूपैयाँ प्राप्त गर्नेछन् भने प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई स्कुटर दिइनेछ।

प्रत्येक खेलको प्लेयर अफ द म्याचले १० हजार रूपैयाँ पाउनेछन्। विधागत उत्कृष्ट खेलाडीले समान २५ हजार रूपैयाँ पाउने छन्। प्रतियोगिता संचालनको लागि ६१ लाख रूपैयाँ खर्च हुने अनुमान आयोजकले गरेको छ।

सत्य, तथ्य, ताजा घटना एवम् समसामयिक, ज्ञानवर्द्धक जानकारीकालागि मिसन टुडे राष्ट्रिय दैनिक खोजी-खोजी पढौं।
साथै
आफ्नो सहित्यिक रचना यस पत्रिकामा प्रकाशित गर्न चाहनुहुन्छ भने
9858023069, 9844801066 मा सम्पर्क गर्नुहोस्।




**मिसन टुडे राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादकः** बिनोद पौडेल। **कार्यकारी सम्पादकः** कृष्ण ओली। **कर्पोरेट कार्यालयः** काठमाडौं-१३, सेतोपुल। **प्रादेशिक कार्यालयः** वीरेन्द्रनगर सुर्खेत। धनगढी कैलाली र लुम्बिनी दाङ। गण्डकी पोखरा
**शाखा कार्यालयः** गुलरिया तथा बाँसगढी, बर्दिया र रुपन्देही बुटवल। **प्रधान कार्यालय** : कोहलपुर-११, बाँके। **फोनः** ०८१-५४१६०८, ९८५८०२३०६९। **मुद्रणः** मिसन अफसेट प्रेस, कोहलपुर (बाँके)